

# श्रीमद् भगवद्गीताको आध्यात्मिक रहस्योद्घाटन




.........अहिलेसम्म तिमीहरुले बापदादा (भगवान) को एउटा आशा पूरा गरेका
छैनौ । गरेका छौ ?...... गीताको भगवानलाई सिद्ध गरेर देखाऊ ।
– अव्यक्त बापदादा (३१.१२.२००३)


## - शिव भगवानुवाच -



**"श्रीमद् भगवद्गीता हो सर्वोत्तम धर्म-शास्त्र.................महिमा पनि गीताको नै छ, जसबाट सबैको सद्गति हुन्छ र सद्गति गर्ने पनि एउटै हुनुहुन्छ गीतामा पटक-पटक रुद्र ज्ञान यज्ञको वर्णन छ, जसबाट नर्कको विनाश र स्वर्गको स्थापना हुन्छ ।"**

*सा.बा. १९.१.०७*

## -शुभकामना-



राजयोगिनी ब्र.कु. सुरेन्द्र दिदी

वर्तमान समय परमात्मा यस धर्तीमा अवतरण भएर पुनः सत्य गीता ज्ञान दिइरहनुभएको छ। विश्वका सबै मनुष्यात्माहरूले आफ्नो आत्मिक स्वधर्मलाई पहिचान गरी गीता ज्ञानदाता परमपिता परमात्माबाट सत्य गीता ज्ञान सुनौं, बुझौं र विनाशकालभन्दा पहिल्यै सुख शान्तिको वर्षा लिएर विभिन्न समस्याहरूबाट मुक्त यस्तो स्वस्थ एवं सुन्दर संसारमा जाऔं, जसलाई स्वर्ग वा जन्नत भनिन्छ। उही निराकार ज्योतिस्वरूप परमात्माको अवतरणको यादगार पर्व महाशिवरात्रीको पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै यस पुनित अवसरमा प्रकाशित यस विशेषांकमा संग्रहित सत्यतालाई मनन गरी आफ्नो जीवनलाई सुख-शान्ति-आनन्दमय बनाउनुहुन सम्पूर्ण पाठकगणमा अनुरोध गर्दछु।

✹ ✹ ✹



राजयोगिनी ब्र.कु. परिणिता दिदी

वर्तमान समयमा चारैतर्फ दुःख-अशान्ति, भ्रष्टाचार-पापाचार, आतंकवाद- भोगवाद, व्यसन-विकारको अनि भयको वातावरण छ । परमात्मा भन्नुहुन्छ - अब छिट्टै नै यस पुरानो दुनियाको विनाश र नयाँ सत्ययुगी दुनियाको स्थापना हुँदैछ। परमात्माले यस समय (संगम) मा स्वयं अवतरित भएर कलियुगी संसारबाट ती दिव्य र श्रेष्ठ आत्माहरूको चयन गर्नुहुन्छ, जुन आदिबाट अन्तसम्म आफ्नो भूमिका निर्वाह गर्दछन्। परमात्माले सच्चा गीता ज्ञान सुनाएर उनीहरूलाई सत्ययुगी दैवी दुनियाका लागि श्रृंगार गर्नुहुन्छ। जुन आत्माहरू परमात्माको वाणी सुनेर स्वयंलाई दैवी सृष्टिको अनुरूप बनाउँदछन्, उनीहरू नै सम्पूर्ण बनेर सत्ययुगी संसारमा आउँदछन्। त्यसैले समयको पुकारलाई सुनेर स्वयंलाई आत्मा निश्चय गरी आत्माका पिता परमात्मासँग मन-बुद्धिको सम्बन्ध जोडेर आफ्नो जन्मसिद्ध अधिकार प्राप्त गर्न अनुरोध गर्दै महाशिवरात्रीको शुभकामनासहित ईश्वरीय उपहारको विशेषांकलाई अध्ययन गरी ज्ञानार्जन गर्न अनुरोध गर्दछु।

## उपहार सूचि


| | |
|---|---|
| शुभकामना | १ |
| सम्पादकीय | २ |
| श्रीमद् भगवद्गीताप्रति....... | ४ |
| गीताको भगवानलाई जान्नु | ७ |
| श्रीकृष्ण र परमात्माको महिमा | १३ |
| आत्मा साक्षात्कार | १८ |
| परमात्मा साक्षात्कार | २१ |
| कर्म सिद्धान्त | २४ |
| सृष्टि नाटक चक्र | २८ |
| राजयोग | ३१ |
| मानवको सर्वोच्च अवस्था | ३३ |
| सर्वशास्त्र शिरोमणि | ३५ |

सम्पादकीय

# श्रीमद् भगवद्गीता-एक योग विज्ञान




आजको सन्दर्भमा यदि श्रीमद् भगवद्गीताको गहिरोसँग अध्ययन गर्ने हो भने यही स्पष्ट हुन्छ कि गीताको उद्देश्य मनुष्यलाई देह अनि आत्माको अथवा क्षेत्र र क्षेत्रज्ञको भेद बताएर आत्मामा स्थित गराउनु तथा मानवलाई परमात्माको परिचयसहित सर्वसम्बन्ध जोडेर नष्टोमोहा एवं स्मृतिलब्धा बनाउनु हो।

गीताका धेरै श्लोकहरुले मनुष्यलाई आत्मा र परमात्माको ज्ञान दिनुको साथै योगमा स्थित गराउनु, कर्म, अकर्म र विकर्मको गुह्य गतिको ज्ञान दिनु, प्रवृत्ति र निवृत्तिको भेद बताउनु, दैवी अनि आसुरी सम्प्रदायको अन्तर सम्झाउनु, काम-क्रोधादि विकार माथि विजय प्राप्त गर्ने तथा ब्रह्मलोकमा जाने पुरूषार्थ लगायतका विषयहरूमा नै स्पष्ट बताइएको छ। परमात्माले अर्जुनलाई योगी बन्नको लागि श्रीमत दिनुहुन्छ। यहाँ योगीका लक्षणहरू स्पष्टसँग बताइएको छ -योगीको सबैसँग मित्रता हुन्छ, सबैप्रति करूणा भाव हुन्छ, निर्मोही तथा निरहंकारी हुन्छ, क्षमाशिल हुन्छ, तथा दुःख-सुखमा सदा समान हुन्छ, उ सधैं सन्तुष्ट रहन्छ, उ न आफू दुःख लिन्छ, न अरूलाई दुःख दिन्छ, उ भित्रबाहिर पवित्र हुन्छ आदि आदि। परमात्मा भन्नुहुन्छ - योगी नै मलाई प्रिय लाग्छ। योगी त्यो हो, जो हिंसा गर्दैन, समभाव राख्छ, सधैं शान्त तथा प्रसन्न रहन्छ। योगीको कोही शत्रु हुँदैन, कसैसँग द्वेषभाव हुँदैन, सर्वप्रति करूणाको भावना हुन्छ, अनि क्षमाशील हुन्छ। यसरी श्रीमद् भगवद्गीता एक योग शास्त्र हो।

त्यस्तै गीतामा उल्लेखित केही श्लोकहरू युद्धसँग सम्बन्धित छन्। वास्तवमा यहाँ काम-क्रोधरूपी वैरी अथवा संशय (अविश्वास) रूपी शत्रुसँग ज्ञानरूपी तरवारद्वारा हुने युद्धको बारेमा बताइएको हो, जसमा भगवानले भन्नुभएको छ, हे अर्जुन यदि तिमी अहंकारवश युद्ध गर्न मान्दैनौ भने आखिर वाध्यतावश युद्ध गर्नु नै पर्दछ। अब सोच्नु पर्ने कुरा के छ भने यदि यस युद्धलाई हिंसायुक्त युद्ध मान्ने हो भने यसको भाव अपत्यारिलो हुन जान्छ किनकि गीताका मुख्य विषय योगयुक्त हुनु, दिव्य हुनु, अनि मुक्ति जीवन मुक्तिलाई प्राप्त गर्नु हो। त्यसकारण युद्ध शब्दले मनमा हुने संग्रामलाई सूचित गर्दछ किनकि योगीलाई त हिंसा, द्वेष, क्रोध, शत्रुभाव इत्यादिको त्याग अनि अहिंसा पालन गर्नु नै पर्दछ। यसैलाई धर्म युद्ध पनि भनिएको छ। यदि तिमी युद्ध गर्दैनौ भने तिमीलाई पाप लाग्छ भनी विकारहरूसँगको युद्धको लागि प्रेरित गरिएको छ।

त्यस्तै सतो, रजो र तमोको बन्धनलाई काट्ने नै महावाहो (वीर) भनिएको छ। पुनश्चः गीताको प्रारम्भिक अध्यायमा भनिएको छ कि हे वत्स, यो युद्धद्वारा नै स्वर्गको द्वार खुल्नेछ। अतः केहीमा पनि केही सौभाग्यशाली क्षेत्रीयहरूलाई यस्तो युद्ध गर्ने अवसर मिल्छ। फेरि अगाडि भनिएको छ कि हे अर्जुन, यदि युद्ध गर्दागर्दै तिम्रो मृत्यु भयो भने परम गति प्राप्त गरौला, युद्धमा जित्यौ भने स्वर्गको राजाईं गरौला, यदि तिमी युद्ध गर्दैनौ भने कायरता हुनेछ र नरकको भोग गर्नुपर्छ। अब प्रश्न उठ्न सक्छ कि स्वर्ग जाने अधिकार कसलाई मिल्छ ? यसको उत्तर स्वयं गीतामा बताइएको छ। जब मनुष्यमा सतोगुणको पराकाष्ठा हुन्छ, तब मनुष्य उत्तम अर्थात् स्वर्गलोकलाई प्राप्त गर्न सक्छ। यसबाट के स्पष्ट हुन्छ भने काम, क्रोध, लोभ, मोह, अहंकार नर्कका द्वार हुन्। यो युद्ध हिंसात्मक युद्ध अथवा क्रोधयुक्त युद्ध होइन। त्यस सन्दर्भमा प्रयोग भएको क्षेत्रीय

शब्द पनि जन्म अनुसारको कुनै जातिलाई नभई ज्ञानद्वारा माया विकारसँग युद्ध गर्ने वीर अथवा योद्धाको सूचक हो। गीतामा भनिएको छ - यदि तिमीले ममा मन स्थिर गऱ्यौ भने सबै मायारूपी वैरीलाई जितौला र मेरो कृपाद्वारा यस भवसागर पार तरौला। यहाँ स्थूल रीतिद्वारा कुनै नदीलाई तर्ने वा पार हुने होइन बरू ज्ञानद्वारा सांसारिक विषय सागर अथवा दुःख सागरबाट पार हुने कुरा हो। ठीक यसै प्रकार यहाँ क्षेत्रीय शब्द पनि स्थूल तीर कमान लिएर मनुष्य तनधारी कुनै शत्रुलाई मार्ने व्यक्ति नभएर काम, क्रोध, लोभ, मोह, अहंकार, ईर्ष्या, द्वेष, निन्द्रा, तन्द्रा आदि शत्रुसँग वीरतापूर्वक लड्नेलाई नै क्षेत्रीय अथवा वीर महापुरूष भनिएको हो। यस युद्धमा पनि वीरता अनि निर्भयता अवश्य चाहिन्छ।

निष्कर्षमा भगवानले योगीको लक्षणहरूको वर्णन गर्दै योगी आत्मालाई नै प्रेम गर्ने आशयको साथसाथै अति गुह्य गोपनीय अनि उत्तम ज्ञान सो आत्मालाई नै सुनाउछु भनेकाले पनि आफ्ना प्यारा साथी, आत्मिक सन्तानलाई कहिल्यै पनि हिंसात्मक युद्ध गर्न सिकाउनुहुन्न भन्ने स्पष्ट हुन्छ। तिमी हर समय मलाई याद गर, मन तथा बुद्धिलाई ममा अर्पण गर भन्ने अभिव्यक्तिबाट परमात्मासँगको सर्वसम्बन्धबाट अनेकौं जन्म-जन्मान्तरको पुरानो संस्कारबाट सृजित विकारमाथि विजय प्राप्त गर्न सकिने भएकाले पनि समग्रमा श्रीमद् भगवद्गीता एक योग विज्ञान हो भन्न सकिन्छ।

## ज्ञानी अर्थात् शोकमुक्त

भगवान्ले भन्नुहुन्छ, हे अर्जुन, तिमीले पाण्डित्यपूर्ण वचन भन्दै उनीहरूको लागि शोक गरिरहेका छौ, जो शोक गर्नका लागि योग्य छैनन्। जो ज्ञानी हुन्छन् उनीहरू न जीवितको लागि न त मृतकको लागि नै शोक गर्दछन्।

मनुष्य शोक तब गर्दछ, जब संसारको पदार्थमा उसलाई आफ्नोपन र विरानोपन अनुभव हुन्छ। जो मेरो हो, उसमा मोह, ममता, कामना र आसक्ति अनुभव हुन्छ। यसबाट शोक, चिन्ता भय, उद्वेग, हलचल, संताप आदि दोष पैदा हुन्छ। अज्ञानताको कारण मनुष्यले स्वयंलाई विनाशी देह नै मान्दछ, त्यसैले उसलाई कुल धर्म नाश हुने भयले सताउँछ। अतः भगवान् भन्नुहुन्छ कि ज्ञानीजनले यस्तो प्रकारको शोक गर्दैनन्।


कौरव सेनामा पनि जो महारथी (भिष्मपितामह, द्रोणाचार्य आदि) थिए, उनीहरूले ज्ञान भएर पनि अधर्मलाई साथ दिएका थिए। जब द्रौपदीको चीर हरण भइरहेको थियो, तब कसैले विरोध गरेनन्। आज पनि समाजमा साथीभाइ नातागोताहरू अन्धश्रद्धा वा अधर्मलाई साथ दिनका लागि त तैयार हुन्छन् तर परमात्मा कार्यलाई भने विरोध गर्दछन्।

## ज्ञानी आत्माको लक्षण :

परमात्माले अध्याय १३ अन्तर्गत श्लोक ७-१० मा ज्ञानी आत्माका लक्षणहरू बताउनुभएको छ :

१) विनम्रता, सरल चित्त, अहिंशा, सहनशीलता
२) सुचिता (भित्र बाहिरको शुद्धि)
३) एकान्तता एक (परमात्मा) को अन्तमा रहनु, एकान्तप्रिय हुनु केबल एक परमात्मालाई नै याद गर्नु सँगदोषबाट स्वयंलाई टाढा राख्नु।
४) इन्द्रियहरूलाई निग्रहमा राख्ने जन्म मृत्यु, वृद्धाअवस्था र रोगको कष्टलाई जानेर शरीरको आकर्षणबाट टाढा रहनु।
५) नष्टोमोहा अर्थात् कसैको मोहमा नहुनु।
६) क्षमाभाव, समभाव।
७) अव्यभिचारी भक्ति अर्थात् केवल एक परमात्मासँग प्रीत।
८) अहंकाररहित

# श्रीमद् भगवद्गीताप्रति 'ब्रह्माकुमारीज' को दृष्टिकोण




श्रेष्ठ साहित्यबाट नै उन्नत समाजको निर्माण हुन्छ । त्यसैले साहित्यलाई समाजको दर्पण भनिन्छ । ग्रन्थहरू, शास्त्रहरू र काव्यहरूले संसारका लाखौं दराजहरू भरिएका छन् तर केवल ७०० श्लोक भएको श्रीमद् भगवद्गीतालाई नै सर्वशास्त्र शिरोमणि किन भनिन्छ त ? किनकि यसैमा सम्पूर्ण मानवताको लागि उच्च धारणा गराउने ज्ञान छ । गीता ज्ञान सत्य परमपिता परमात्माद्वारा दिइएको भनिन्छ । गीताका करोडौं प्रतिहरू छापिइसकेको छ । संसारका सबै भाषाहरूमा यसको अनुवाद भैसकेको छ । संसारका मुर्धन्य विद्वानहरूद्वारा गीतामाथि सैकडौं प्रकारका टीका एवं विश्लेषण गरिसकिएको छ । फेरि पनि नर नारीहरू देवीदेवताहरू जस्तै किन बन्न सकिरहेका छैनन् त ? यसको यति धेरै शोध र पठन पाठनका बावजुद यति अनुशीलन भएर पनि यसद्वारा सत्य धर्मको स्थापना नभएर धर्म ग्लानि किन बढ्दै गइरहेको छ ?

भनिन्छ, कुरूक्षेत्रको मैदानमा अठ्ठार अक्षौणी सेना (पाण्डव-कौरव सेना) मर्न र मार्नको लागि तैयार थिए । के गीताका अति गुह्य श्लोकहरू यस्तो समयमा सुनाउन संभव हुन्छ ? यस्तो विकट परिस्थितिमा घण्टौंसम्म श्लोक गाई गाई कसरी सुनाउन सकिएला ? सेनाहरूको बीचमा त मर्ने-मार्ने, लडाईको कुरा हुनुपर्ने हो, तर गीतामा आत्मा, परमात्मा, दैवी गुण, आसुरी गुण, कर्म, शुद्ध भोजन, उच्च जीवन आदि विषयहरूको वर्णन छ । कमजोरी र विकारलाई जितेर जीवनमा दैवी गुणको धारणाको लागि प्रोत्साहित गरिएको छ । मन-बुद्धि-संस्कारको दिव्यीकरणको लागि आसुरीपनबाट मुख मोड्ने ईशारा दिइएको छ । सूक्ष्म विकारहरूलाई लडाईका स्थूल हातहतियारहरूद्वारा जित्न कहाँ सकिन्छ र ? न त ती स्थूल यज्ञमा हवन गर्न सकिन्छ ? प्रभु प्यारको कवच लगाएर ज्ञानको तीक्ष्ण वाणबाट तिनीहरूलाई मार्न सकिन्छ । योगाग्निमा तपेर नै तिनीहरूलाई जीवनबाट मेटाउन सकिन्छ । विकारको सेनाको अंश र वंशलाई नाश गरेर योगी-प्रयोगी आत्माहरू विश्व कल्याणीसम्म बन्न सक्छन् । तसर्थ गीताको ज्ञान मैत्री करूणा भाव बढाएर सहयोगी बन्नको लागि हो न कि हिंस्रक युद्धको लागि । यस जीवन संग्राममा सद्ज्ञानलाई तीक्ष्ण वाणको उपमा दिइन्छ । यी वाणलाई सदा सम्भालेर राख्ने र उचित समयमा प्रयोग गर्ने बुद्धि तरकश हो । शरीर नै रथ हो । यस शरीररूपी रथको रथी आत्मा हो । किनकि मरेपछि यसलाई नै अर्थी भनिन्छ । शब्द-स्पर्श-रूप-रस-गन्ध रूपी पाँचै विषयपथमा भाग्ने मन नै चञ्चल घोडा समान छ । ईश्वरीय यादमा मग्न रहनु नै मनरूपी घोडालाई कावुमा राख्ने लगाम हो । ज्ञानी योगी जीवनद्वारा प्रभु स्मृति बनाइराख्नु भगवान्लाई साथी र सारथी बनाएर चल्नु हो । हाम्रो कार्य-व्यवहार र सम्बन्ध-सम्पर्क नै कुरूक्षेत्र (कर्मक्षेत्र) रूपी युद्धस्थल हो । सच्चा गीताको सच्चा भावमा स्थित भएर रहनु नै जीवन संग्राममा विजयश्री पाउनु हो । यस्ता राजयोगी राजहंस आत्माहरूले नै नरबाट श्री नारायण र नारीबाट श्री लक्ष्मी समान बनेर जीवनको परम लक्ष्य हाँसिल गर्दछन् । गीताको पहिलो पृष्ठमै धनुर्धारी अर्जुन, सारथी श्रीकृष्ण र युद्धको लागि लालायित विशाल सेना भएको चित्रबाट पाठक भ्रमित हुन्छन् । कहाँ अहिंसा परमोधर्मको बलमा सत्य धर्मको स्थापना

गर्ने गीता र कहाँ धनुष वाण, विष्फोटक हतियार लिएका लड्न भिड्न तैयार योद्धा ? दिव्य जीवन बनाउने गीतामा हिंस्रक युद्धको नाम निशान हुनुहुँदैन । सच्चा गीता त्यसलाई भनिन्छ, जसमा आन्तरिक द्वन्द्वमाथि विजय हासिल गराउने ज्ञान हुन्छ ।

वर्तमान समयमा घर घरमा गीताका संस्करणहरू भएर पनि पतीतबाट पावन बन्नुको सट्टा मानिस अज्ञानताको घोर अन्धकारमा धसिंदै गइरहेको छ । त्राहिमाम, त्राहिमाम (बचाउ बचाउ) जस्ता आवाजहरू संसारका हरेक कुनाबाट सुनिइरहेको छ । श्रीमद् भगवद्गीताको ज्ञान मानिसले जीवनमा धारण गर्न सकिरहेका छैनन् । जीवनलाई कायापलट गर्ने यस उच्च रहस्यलाई व्यवहारमा ल्याउनका लागि संसारका सबै समझदार मानिसमा वार्तालाप हुनुपर्दछ । यस गीताको पाठ शुरू गर्दै गर्दा पाठकहरूमा मर्ने र मार्ने मानसिकता बोकेका सेनाहरूका माहोलमा यी सबै श्लोकहरू सुनाइएको हो भन्ने विश्वास दृढ हुन्छ । हकवाला भाइ-भाइको यस लडाईमा द्रोणाचार्य, कृपाचार्य जस्ता गुरूजनलाई मार्ने कुरा पनि छ । गीताको मूल काम-क्रोध-लोभादि वैरीहरूलाई जितेर जीवनलाई पावन र सक्रिय बनाउनु हो । कोही व्यक्ति जन्मजात कसैको दुष्मन हुँदैन । तर विकार प्रवेश भएपछि प्रतिद्वन्दी बनाइदिन्छ । मनुष्यसँग प्रतिशोध गर्नुको सट्टा पतनतर्फ लैजाने विकारहरूलाई जलाउनुपर्दछ । तर यी विकारहरू यज्ञ हवनबाट आगोद्वारा जल्दैनन् बरू सद्गुणको सागरको निरन्तर यादबाट जल्दछन् । देवी देवताहरू र महात्माहरू निर्विकारी भएकै कारण पूजा वन्दना गरिन्छ । आजसम्म पनि उनीहरूलाई प्रातः स्मरणीय मानिन्छ । यस्तो पुण्य आत्माहरूको अनुसरण गरेर मनुष्य पवित्रता, सुख, शान्ति, आनन्दको अधिकारी बन्दछन् । जबकि घोर पतनको कारण परमाणु विष्फोट, प्राकृतिक विपत्ति र गृहयुद्धबाट सारा संसार नै युद्धस्थल बन्दैछ । यस्तो घोर विघटनको समयमा भगवान्मा मन बुद्धि लगाएर विकारहरूको विकराल सेनालाई मारेर भगाऔं । तबमात्र मध्याजीको महामन्त्रमा स्थित भएर सर्वोच्च पदको अधिकारी बन्न सकिन्छ । गीताको ज्ञान हिंस्रक युद्धको लागि मान्नाले न त सुखदायी जीवन बन्दछ, न सत्य धर्मको स्थापना नै हुन सक्दछ ।

आदि गुरू शंकराचार्यले गीतामाथि टीका लेख्ने समयमा दोस्रो अध्यायको दश श्लोक र पहिलो अध्यायको सबै श्लोकलाई छोडिदिए । उनलाई के प्रतीत भयो भने हिंस्रक वृत्ति बढाउने यी श्लोक मूल गीताका होइनन् । कलियुगी राजाहरूद्वारा दुश्मनको मुकावला गर्नका लागि यी पछि जोडिएका हुन् । बीच बीचमा गीतामा यस्ता अरू पनि श्लोकहरू घुसाइएका छन् । यसबाट विश्व परिवार भन्ने भावना जागृत हुन पाइरहेको छैन । देशमा धर्म, जाति, भाषा, स्तर भेदलाई नै टेवा मिलिरहेको छ, जसलाई पढ्नाले आत्मभानको सट्टा देहअभिमान जागृत हुन थाल्दछ । यसैकारण गीता शास्त्रको सार्वभौमिकता घट्दै गइरहेको छ । धर्मको स्थापनाको लागि सुनाइने ज्ञान मित्र सम्बन्धीहरूको हत्याको निमित्त कसरी बन्न सक्छ ? यसबाट त झन् अरू धर्मग्लानि बढ्दछ । यदि गीता ज्ञानबाट द्वापरमा दिव्य धर्मको स्थापना भएको भए त्यसपछि आउने कलियुगको घोर पतन कसरी हुन्थ्यो ? सर्वशास्त्र शिरोमणि भनिने गीताले धेरै यस्ता विशेष कारणहरूबाट संसारको उद्धार गर्न सकिरहेको छैन । यसका श्लोकमा अत्यन्तै छेडछाड भएका छन् । धेरै मानिसहरू यसको वर्तमान स्वरूपलाई ऐतिहासिक मान्दैनन् । महात्मा गान्धी जस्ता विज्ञ विचारकले पनि गीताका श्रीकृष्णलाई काल्पनिक मान्नुहुन्छ । किनकि गीताको भगवान् त निराकारी अव्यक्त लोकमा रहने बताइएको छ । गीता पढेपछि उहाँले यसमा वाहुबलको युद्धको सट्टामा जीवनको आन्तरिक द्वन्द्वको निरूपण छ भनी भन्नुभएको छ । अठ्ठार अक्षौणी सेना आजको विश्वको कुल जनसंख्या बराबर हुन्छ भने यति अरबौं मानिस कुरूक्षेत्र जस्तो मैदानमा कसरी उभिन सक्छन् ? यसका योद्धा आन्तरिक युद्धलाई नै रोचक बनाउने काल्पनिक पात्र हुन् । पारिवारिक झगडालाई सुल्झाउनको लागि गीता जस्तो अलौकिक ग्रन्थको रचना सम्भव छैन । जसलाई शान्ति करूणा प्यारको सागर भनिन्छ, उहाँ भगवानले भाइहरूको बीचमा द्वन्द्व गराउनको लागि संग्राममा अध्यात्मको सूक्ष्म रहस्य गाई गाई कसरी सम्झाउनुहुन्छ ?

वेद व्यास कृष्ण द्वैपायनजीले जय नामबाट महाभारत ग्रन्थको रचना गर्नुभएको थियो । त्यसमा उहाँले ८००० मात्रै श्लोक लेख्नुभएको थियो । केही शताब्दीपछि त्यही ग्रन्थको नाम भारत भयो । तब यसको श्लोक संख्या १६०००

सम्म पुग्यो र अब यसको नाम महाभारत राखिएको छ । अहिले यसको श्लोक संख्या एक लाख भन्दा पनि बढी भइसकेको छ । अर्थात् समायनुसार राजाहरूले विद्वानहरूद्वारा त्यसमा अधिक जोड-तोड-मोड गरिदिएका छन् । वर्तमान गीताका सबै श्लोक महाभारत ग्रन्थको भीष्म पर्वबाट लिइएको हो । प्रचलित गीता भीष्म पर्वको २५ देखि ४२ अध्यायका श्लोकहरूलाई नै भनिएको छ । ४२ को पछि मात्रै त्रिचालिस अध्यायमा महर्षि वैशम्पायनद्वारा कथित चौथो र पाँचौ श्लोकद्वारा गीताको अठ्ठार अध्यायको श्लोक संख्या स्पष्ट रूपबाट बताइएको छ :

*शट शतानि सविंशानि (६२०) श्लोकानां प्राह केशवः ।*
*अर्जुनः सप्तपंचाशं (५७) सप्तषष्टि (६७) च संजयः ।।*
*धृतराष्ट्रः श्लोकमेक (१) गीताया मानमुच्यते ।*

अर्थात् त्रिदेवहरू द्वारा स्थापना, पालना, महाविनाश गराउने शिव परमात्माद्वारा कथित श्लोकको संख्या गीतामा ६२० छ । अर्जुनद्वारा ५७, संजयद्वारा ६७ र धृतराष्ट्रद्वारा गीतामा केवल १ मात्र श्लोक भनिएको छ । सबै मिलाएर ७४५ श्लोक हुनुपर्दछ । तर प्रचलित गीतामा केवल ७०० श्लोक पाइन्छ । यसबाट स्पष्ट ज्ञात हुन्छ कि मूल गीताका ४५ श्लोकहरू घटाइएको मात्र होइन, श्रीमद्भागवद् गीतामा हिंसात्मक वृत्ति बढाउने धेरै श्लोकहरू जोडिएको पनि छ ।

गीता धर्म-जातिबाट पर सर्व निराकारी आत्माहरूको लागि हो । निराकार शिव भगवानको दिव्य जीवन बनाउने श्रीमत हो । तर निराकार शिव र साकार श्रीकृष्णको हेराफेरीले कसैको पनि मन-बुद्धि भगवानमाथि केन्द्रित भएर समर्थ बन्न सकिरहेको छैन । यसकारण सर्वशास्त्र शिरोमणि भनिएतापनि गीताले सम्पूर्ण मानवतामा भाइचारा स्थापना गर्न सकेको छैन । आत्मा-आत्मा, भाइ-भाइको पावन वृत्ति बनाएर स्वयंलाई एउटै परमपिताको सन्तान मान्न सकिइरहेको छैन । बरू गीतालाई हिन्दूहरूको शास्त्र मानेर विभेद-विभाजनमा अरू अझ जेलिएको पाइन्छ । यसबाट गीताको महत्व अझै घट्दै गइरहेको पाइन्छ । जन्म-मरण, पालन-पोषण लिएका श्रीकृष्णलाई सारा संसारको सृजनहार कसरी मान्न सकिन्छ ?

यथार्थमा कुरूक्षेत्रमा लडाईको लागि होइन, कर्मक्षेत्रमा धर्म परायण बनिरहनको लागि निराकार भगवानले अहिले सच्चा गीता ज्ञान सुनाइरहनु भएको छ । यो ज्ञानद्वारा श्रीलक्ष्मी श्रीनारायण जस्तो पवित्र प्रवृत्ति मार्गको स्थापना गरेर धर्तीलाई स्वर्ग बनाउनुहुन्छ । गीतामा निराकार भगवानको सबै निराकारी आत्माहरूको कल्याणार्थ नै सन्देश छ । कलियुगी शास्त्रकारहरूले बाहिरी आक्रमणबाट देशलाई बचाउनको लागि हिंस्रक वृत्ति बढाउने श्लोकहरू पछि राखेका हुन् । वर्तमान समय कौरव-पाण्डवको प्रतीक राम्रो-नराम्रो गर्नेहरूको १८ अक्षौंणी सेनाहरू साक्षात् खडा छन् । यिनीहरूको बीचमा अहिंसा परमोधर्मको स्थापनाको लागि ब्रह्माकुमारीजद्वारा भगवानले सच्चा-सच्चा गीता ज्ञान सुनाइरहनुभएको छ ।

✷ ✷ ✷

## विश्वको इतिहास र भूगोलको पुनरावृत्ति

चित्रमा यो पनि देखाइएको छ कि कलियुगको अन्त्यमा परमपिता परमात्मा शिव जब महादेव शंकरद्वारा सृष्टिमा महाविनाश गराउनुहुन्छ तब सबै आत्मारूपी अभिनयकर्ता आफ्नो प्यारो देश मुक्तिधाम फर्किन्छन् र फेरि सतयुगको आरम्भदेखि 'आदि सनातन देवी देवता धर्मका' मुख्य मानवआत्माहरु यस सृष्टि मञ्चमा आउन शुरू गर्दछन् । फेरि २५०० वर्षपछि द्वापर युगको आरम्भदेखि इब्राहिमका ईस्लाम घरानाका आत्माहरु त्यसपछि बौद्ध धर्मवंशका आत्माहरु, फेरि इसाई धर्मवंशका आत्माहरु आफ्नो-आफ्नो समयमा सृष्टि-मञ्चमा आएर आ-आफ्ना अनादि निश्चित पार्ट (खेल) बजाउँछन र आफ्ना स्वर्णिम, रजत, ताम्र र फलामे चारै अवस्थालाई पार गर्दछन् । यस प्रकार यो अनादि निश्चित सृष्टि नाटक अनादि कालदेखि, प्रत्येक ५००० वर्षपछि हुबहू (जस्ताको त्यस्तै) पुनरावृत्त भइ नै रहन्छ ।




# श्रीमद् भगवद्गीता : बहुआयामिक विवेचना

## गीताको भगवानलाई जान्नु परमात्मालाई जान्नु हो

गीता संसारको सबै धर्मशास्त्रहरूमा अद्वितीय छ । केवल गीतामा मात्रै भगवानुवाचको प्रयोग भएको छ । र यसलाई भगवान्‌को महावाक्यको रूपमा प्रथम पुरूषमा भनिएको छ । यही शास्त्रको नाम नै सबैभन्दा अलग छ । श्रीमद् भगवद्गीता अर्थात् स्वयं भगवानद्वारा प्रदत्त श्रीमत वा श्रेष्ठतम ईश्वरीय ज्ञान । परमात्मा नै गीताको भगवान् हुनुहुन्छ । त्यसैले गीताको भगवान्‌लाई जान्नु अर्थात् परमात्मालाई जान्नु । परमात्मा बुद्ध, क्राइष्ट, मोहमद आदि धर्म पिताहरूको पनि एक मात्र परमपिता, सद्‌गुणी देवताहरूको पनि देव, उच्चभन्दा पनि उच्च, महान्‌भन्दा पनि महान् हुनुहुन्छ । परमात्मालाई जानेपछि जान्न बाँकी केही पनि रहँदैन । परमात्माको प्राप्तिमा नै सर्वप्राप्तिहरू समाहित छन् । त्यसैले सबै मनुष्यमात्रले परमात्मालाई याद गर्दछन् । भगवानुवाच छ - हे वत्स, धेरै जान्नुको सट्टा मलाई जान, तिमीले मनलाई ममा लगाऊ । मैले तिमीलाई सबै पापबाट मुक्त गरिदिन्छु । मैले परमधाम लैजान्छु । अब सबै गीता पढ्नेहरूले एकातर्फ श्रीकृष्णलाई गीताको भगवान् मान्दै आएका छन् भने अर्कोतर्फ सद्‌गतिको लागि अनेक प्रकारका बल र साधनको प्रयोग पनि गर्दै आइरहेका छन् र अहिलेसम्म पनि परमात्मालाई पुकार्दै र खोज्दै आइरहेका छन् । यस्तो किन ?

## शिरोमणि गीता शास्त्र नै विश्वको एकमात्र धर्मशास्त्र हुनुपर्दथ्यो





मनुष्य सृष्टिको बीजरूप परमात्मा नै ज्ञान सागर हुनुहुन्छ र सर्वज्ञ हुनुहुन्छ । उहाँको तुलनामा विद्वान आचार्य आदि सबै मनुष्यात्माहरू अल्पज्ञ छन् । ऋषि मुनिहरूले परमात्मा र रचनाको भेदलाई जान्न नसक्नुको कारण उहाँको लागि नेती नेती अर्थात् बेअन्त भनिदिए । भगवानुवाच के छ भने मनुष्यात्माहरू आफ्नो अनेक जन्मको भेदलाई जान्न सक्दैनन् । जन्म-मरणबाट सदा मुक्त त्रिकालदर्शी परमात्मा नै आफ्नो (रचयिताको) र यस मनुष्य सृष्टि रूपी रचनाको आदि, मध्य अन्त्य र सृष्टिचक्रको पुनरावृत्तिको रहस्यलाई जान्ने हुनुहुन्छ । अतः जसरी ठूलो जलाशयको प्राप्ति भएपछि सानो जलाशयको आवश्यकता रहँदैन, त्यसरी नै सर्वको सद्गतिदाता ज्ञान सागर परमात्माको सर्वशास्त्रमयी शिरोमणि शास्त्र गीता हुँदाहुँदै अन्य वेद, शास्त्र आदिको आवश्यकता नै रहनुहुँदैनथ्यो । साथै संसारका सबै धर्मका मनुष्यहरूले गीतालाई नै आफ्नो एकमात्र धर्मग्रन्थ मान्नुपर्थ्यो । यसप्रकार सारा विश्वमा एउटै धर्म हुनुपर्थ्यो । तर संसारमा त अनेक धर्म र धर्मशास्त्र छन् । गीतालाई केवल हिन्दुहरूको मात्रै धर्मग्रन्थ मानिन्छ । सबै हिन्दुहरू पनि गीतालाई नै आफ्नो एकमात्र धर्मशास्त्र मान्दैनन् । उनीहरूले यसलाई वेद, पुराण, उपनिषद, भागवत, रामायण आदि जस्तै मान्यता दिन्छन् । वास्तवमा धर्मशास्त्र त एउटै हुन्छ, जसमा धर्मको संस्थापकको महावाक्यको संग्रह होस् तर हिन्दुहरूले आफ्नो धर्मको संस्थापक (गीताको भगवान् परमात्मा) लाई नजान्नाको कारण आफ्नो धर्मग्रन्थ श्रीमद् भगवद्गीताको विषयमा पनि रिंचकमात्र पनि जान्दैनन् ।

## गीताको भगवान्को नाम बदलिइसकेको छ

विचारणीय कुरा के छ भने आखिर सबै धर्महरूका मनुष्य (ईष्लामी, बौद्ध, इसाई एवं सन्यासी आदि) भगवानुवाचको गीता शास्त्रलाई नै आफ्नो धर्मशास्त्र किन मान्दैनन् त ? यसको कारण हो एउटा महान् भूलबाट साकार देवता श्रीकृष्णलाई गीता ज्ञान दाता (परमात्मा) भन्नु । भागवत्मा पनि परमात्माको चरित्रलाई श्रीकृष्णको चरित्रको रूपमा देखाइदिएका छन् । सबै धर्मका मनुष्य श्रीकृष्णलाई परमात्मा वा परमात्माको अवतार मान्दैनन् । त्यसैले उनीहरू गीतालाई परमात्माद्वारा दिइएको ज्ञानको शास्त्र मान्दैनन् । सनातन धर्मलाई मान्नेहरू बाहेक बाँकी हिन्दुहरू पनि श्रीकृष्णलाई एक महापुरूष, दैवी गुण भएका मनुष्य अथवा देवता नै मान्दछन्, परमात्मा होइन । अतः गीताको मान्यतामा कमीको मूल कारण यसलाई श्रीकृष्णवाच मान्नु नै हो ।

## गीताका भगवानले अलौकिक जन्म (दिव्य जन्म) लिनुहुन्छ



परमात्मा जन्म-मरणरहित हुनुहुन्छ न कि जन्मरहित किनकि 'भगवानुवाच' लाई गीता शास्त्रले नै सिद्ध गर्दछ कि उहाँले दिव्य जन्म लिनुहुन्छ । गीता यस सत्यताको यादगार हो कि मनुष्य आत्माहरूलाई पतीतबाट पावन बनाउनको लागि सर्वका सद्गतिदाता ज्ञान सागर, पतित–पावन परमात्मालाई साकार शरीरको आधार लिनुपर्दछ किनकि जब परमात्मा मुखद्वारा बोलेर गीता ज्ञान सुनाउनुहुन्छ, तब मात्रै कानद्वारा सुनेर मनुष्यले त्यस ईश्वरीय ज्ञानलाई धारण गर्न सक्छन् । तर निराकार परमात्माको नाम, स्वरूप, धाम, गीता ज्ञान दिने समय र अवतरणको विधिको वास्तविक परिचय गीता अथवा भागवतमा उपलब्ध छैन, जसकारण मनुष्यले परमात्माको अवतरणको रहस्यलाई निश्चयपूर्वक बुझ्न सक्दैनन् ।


यस विषयमा सबैभन्दा मुख्य कुरा के छ भने यदि परमात्माले लौकिक साकार शरीरको आधार लिनुहुन्छ भने उहाँलाई जन्म–मरणरहित कसरी भन्न सकिन्छ ? यस संदर्भमा गीताका भगवानको एक अति महत्वपूर्ण

वाणी छ “मेरो जन्म दिव्य अर्थात् अलौकिक हुन्छ । म परमात्मा साधारण मनुष्य जस्तो माताको गर्भबाट जन्म लिन्न, म प्रकृतिलाई अधीन गरेर ‘अवतरित’ हुन्छु ।” परमात्मा यसरी अलौकिक विधिबाट दिव्य–जन्म लिनुहुन्छ र पुनर्जन्म–मरणको चक्रबाट मुक्त रहनुहुन्छ । यसको लागि परमात्मा परकाया प्रवेश गरेर उहाँको मुखद्वारा गीता ज्ञान मुरली सुनाउनुहुन्छ । यो रीतिले अवतरित हुनुलाई नै परमात्माको दिव्य र अलौकिक (असाधारण) जन्म लिनु, प्राकृतिक (पञ्चभौतिक शरीर) को आधार लिनु अथवा ‘अर्जुन’ को शरीररूपी रथमा सवार हुनु भनिन्छ । जसरी केही समय पहिला (जब ब्राह्मणहरूमा पवित्रताको बल थियो) मानिसहरूले आफ्नो पितृ आत्माहरूलाई ब्राह्मणको शरीरमा बोलाउँथे, अथवा जसरी कहिलेकाहीं कुनै मनुष्यको शरीरमा अर्को कुनै मनुष्य आत्मा प्रवेश हुन्छ, यसै प्रकार गीताका भगवान (परमात्मा) पनि एक व्यक्ति विशेष उर्फ (अर्जुन)को भाग्यशाली शरीररूपी रथमा प्रवेश गरेर ‘अवतरित’ हुनुहुन्छ । परमात्मा प्रवेश भएपछि त्यस शरीरमा दुई आत्माहरू रहन्छन्, एक त्यस मनुष्यको आफ्नो र दोस्रो गीताका भगवानको । यस प्रकार जन्म–मरण, खान–पान, कर्म–भोगको हिसाब त्यस मनुष्यात्माको नै चल्दछ जसको त्यो शरीर हुन्छ र परमात्माको गीता ज्ञान सुनाउनका लागि आदि सनातन देवी–देवता धर्मको पुनर्स्थापनाको आफ्नो दिव्य कर्तव्य पूरा हुने समयसम्म परमधाम (परलोक) बाट त्यस शरीरमा आउने जाने प्रक्रिया चलिरहन्छ । त्यस पराई शरीरमा परमात्माको निवास त हुन्छ तर खान–पान हुँदैन किनकि परमात्मा अभोक्ता हुनुहुन्छ ।

## गीताका भगवान साधारण वेशमा अवतरित हुनुहुन्छ

गीताका भगवानको महावाक्य छ कि साधारण मनुष्य शरीरमा अवतरित भएको म परमात्मालाई गुप्त हुनाका कारण केही मनुष्यले मात्र चिन्दछन् र बुद्धिहीन मूढमति अज्ञानीजनले चिन्दैनन् र गाली दिन्छन् ।

परमात्मा गीताज्ञान सुनाउनको लागि अति धर्मग्लानिको समय अवतरित हुनुहुन्छ । तब सृष्टि बिल्कुल पुरानो, पतीत र तमोगुणी बनिसकेको हुन्छ । जसरी नयाँ, पावन र सतोगुणी सृष्टिमा पावन देवी देवताहरू दिव्य शरीरमा निवास गर्दछन्, त्यही तरिकाले आफ्नो कर्म र संस्कार अनुसार धर्मग्लानिको समयमा अवतरित हुनको लागि परमात्मालाई कुनै दिव्य र सतोगुणी शरीर उपलब्ध हुँदैन । पतित-पावन परमात्मालाई पतित सृष्टिमा साधारण मनुष्य शरीरमा अवतरित भएर नै पावन सृष्टि स्थापना गर्नुपर्ने हुन्छ । साधारण शरीरमा अवतरित भएको हुनाले बुद्धिहीन मनुष्यले उनलाई तुच्छ सोचिरहन्छन् र चिन्न सक्दैनन् । प्रश्न उठ्दछ कि सर्वशक्तिमान परमात्मा के तमोप्रधान समयमा आफ्नो शक्तिबाट कुनै दिव्य शरीर विशेष तरिकाले रचेर धारण गर्न सक्नुहुन्न ? तर परमात्मा कुनै करामत अथवा चमत्कार नदेखाई साधारण रीतिबाट नै आफ्नो कार्य सम्पन्न गर्नुहुन्छ । यही नै उहाँको वास्तविक कर्तव्य हो ।



## गीता ज्ञान ज्योतिबिन्दु परमात्माले नै सुनाउनुहुन्छ


माथि स्पष्ट गरिएको छ कि श्रीकृष्ण परमात्मा (गीताका भगवान) नभएर एक देवता हुनुहुन्थ्यो । तर मनुष्यले यही पढ्दै-सुन्दै र मान्दै आएका छन् कि उहाँ नै गीताका भगवान हुनुहुन्थ्यो, जसले युद्धको मैदानमा कुनै रथमा बसेर अर्जुनलाई गीता ज्ञान सुनाउनुभएको थियो । श्रीकृष्णको हातमा स्वदर्शन चक्र पनि देखाइन्छ, जसलाई घाँटी काट्ने एक हिंसक शस्त्रको अर्थ लगाइन्छ । वास्तवमा गीताका भगवानले कुनै हिंसक युद्ध नभएर विकारहरूसँग युद्ध गराउनुभएको थियो । यसै कारणले गीतामा काम, क्रोध आदि विकारहरूमाथि विजय प्राप्त गरेको कुरा उल्लेख छ । स्वदर्शन चक्रको अर्थ परमात्माले मनुष्यात्माहरूलाई यस सृष्टिको चक्रमा स्व (Self) को दर्शन गराउनुभएको थियो अर्थात् गीता ज्ञान सुनाउनको लागि परमात्मा यस साकार मनुष्य सृष्टिरूपी ‘कर्मक्षेत्र’ मा अवतरित हुनहुन्छ । तर कर्मक्षेत्रलाई

कुरूक्षेत्र (हिंस्रक युद्धको मैदान) मानिएको छ । विचार गर्नुपर्ने कुरा छ कि के परमात्माले एक्लै अर्जुनलाई मात्र गीता ज्ञान सुनाएर केवल उनलाई मात्र सद्गति गर्नका लागि अवतरित हुनुभएको थियो होला र ? अनि के युद्धको मैदानमा रथमा सवार भएर कसैलाई ईश्वरीय ज्ञान दिन सकिन्छ होला ? फेरि मनुष्य मान्दछन् कि गीता ज्ञान द्वापर युगको अन्त्यमा दिइएको थियो तर द्वापर युग पछि त कलियुग आउछ । के परमात्माले गीता ज्ञान सुनाएर कलियुगको स्थापना गर्नुभयो त ?

## गीताको भगवानको नाम शिव हो




ज्योर्तिलिंगम परमात्माको प्रतिमाको नाम 'शिवलिंग' हुनु यस कुराको प्रमाण हो कि परमात्माको नाम शिव नै हो । शिवको अर्थ कल्याणकारी हुन्छ । शिव नामले कल्याणकारी परमात्माको परमपिता, परम-शिक्षक र सद्गुरू तीनै सम्बन्धलाई सिद्ध गर्छ । लौकिक जगतमा पनि यो तीन सम्बन्ध नि:स्वार्थ र कल्याणकारी हुन्छ । जसरी मनुष्यमा पुलिंग र स्त्रीलिंग हुन्छ, त्यसरी नै परमात्माको ज्योति-स्वरूप हुनाको कारण पनि उहाँलाई ज्योर्तिलिंग भनिन्छ । लिंगको अर्थ प्रतीक वा लक्षण हो । त्यसैले शिवलिंग परमात्माको कल्याणकारी लक्षणहरूको प्रतीक हो । शिव शब्दले 'बिन्दु' लाई पनि जनाउँछ । साक्षात्कारद्वारा पनि परमात्मालाई ज्योतिरूपमा नै देखिन्छ । पूजा गर्नका लागि बिन्दुको प्रतिमालाई ठूलो आकार (Enlarged form) शिवलिंग रूप दिइएको हो । शिवको मन्दिर त्रिभुवनेश्वर, विश्वेश्वर, महाकालेश्वर, सोमनाथ आदि गुण अथवा कर्त्तव्यवाचक नामले पनि यसै सत्यतालाई पुष्टि गर्छ कि 'शिव' नै परमात्माको नाम हो । मन्दिरमा ब्रह्मा, विष्णु, शंकरलाई 'देवताय नमः' भनेर वन्दना गरिन्छ जबकि शिवको लागि ओम् नमो शिवाय अथवा 'शिव परमात्माय नमः' भनिन्छ । मनुष्यहरूको नाम शरीरको राखिन्छ र शरीर परिवर्तन हुनासाथ उसको नाम पनि परिवर्तन हुन्छ । अशरीरी परमात्माको नाम उहाँको अपरिवर्तनीय ज्योतिबिन्दु स्वरूपको हो । यसैकारण परमात्मालाई 'सदाशिव' भनिन्छ ।



## गीताको भगवान "ज्योतिबिन्दु" स्वरूप हुनुहुन्छ


परमात्मालाई निराकार भन्नुको अर्थ यो होइन कि उहाँको कुनै रूप छैन । निराकार शब्द साकार र आकारको सापेक्ष हो जसको अर्थ परमात्माको मनुष्यहरू र देवताहरूको जस्तो कुनै स्थूल वा सूक्ष्म शारीरिक रूप छैन भन्ने हुन्छ । परमात्मा रूपबाट न्यारा हुनुहुन्न, उहाँको रूप न्यारा छ । मनुष्यात्माहरू पनि शरीरको तुलनामा निराकार नै छन । उनीहरूको पनि आफ्नो आत्मास्वरूप नै छ । परमात्मालाई निराकार भनिन्छ किनकि उहाँको स्वरूप अव्यक्तमूर्त, अशरीरी, अथवा ज्योतिबिन्दुरूप छ । शिवलिंगको प्रतिमाले परमात्माको निराकार ज्योतिबिन्दु रूपलाई सिद्ध गर्दछ । अन्य धर्मका मनुष्यहरू पनि परमात्मालाई निराकार ज्योति नै मान्दछन । मक्काको खाना-ए-कावा मा शिवलिंग जस्तै प्रतिमा भएको संग-ए-असवदलाई मुसलमानहरूले पवित्र (मुकद्दस) मान्दछन । जापानी मानिसहरू पनि यसप्रकारको आकृतिमा ध्यान लगाउँछन्, जसलाई उनीहरू आफ्नो भाषामा चिन्कान-सेकी (शान्ति दाता) भन्छन् । क्राइस्ट, गुरू नानक लगायतले पनि परमात्मालाई निराकार र ज्योतिस्वरूप भन्नुहुन्छ ।

## गीताको भगवानको यादगार



ज्योतिस्वरूप परमात्माको यादगार भारत वर्षमा मात्र नभएर सारा विश्वमा छ । भारतमा काश्मीर (अमरनाथ)बाट लिएर कन्याकुमारी (रामेश्वरम्) सम्म ज्योतिबिन्दु परमात्माको प्रतिमा ज्योतिर्लिंगम अथवा शिवलिंगका लाखौं मन्दिरहरू छन् । सारा देशमा सुप्रसिद्ध सोमनाथ तथा शिवकाशीको विश्वनाथको मन्दिर पनि शिवकै हो । विश्वका अन्य धर्मका मनुष्यहरू पनि कुनै न कुनै नाम, रूपमा निराकार परमात्माको शिवको याद गर्छन् । इटलीको ईसाई र रोमन कैथोलिक सम्प्रदायद्वारा कैयौं देशमा यस आकारको पत्थरलाई आफ्नो ढंगबाट सम्मान दिएको पाइन्छ तथा शिवलाई जेहोवाह (Jehovah) नामबाट पनि याद गरिन्छ । इजराईलमा यहुदीहरूले युरोशलम आदिमा शपथलाई सच्चा प्रमाणित गर्नको लागि शिवलिंगको आकार जस्तै पत्थर हातमा लिन्छन । भारतका शाक्त, गणपात्य, राम उपासक, कृष्ण उपासक पनि शिवलाई नै मान्दछन् । जसरी परमात्मा निराकार अथवा विचित्र हुनुहुन्छ अर्थात् उहाँको कुनै साकार अथवा आकारी चित्र या स्वरूप छैन, त्यसैगरी शिवलिंग पनि विचित्र छ । यो प्रतिमाको पनि न त साकार देवताहरू श्रीकृष्ण आदि जस्तो कुनै व्यक्त अथवा स्थूल स्वरूप छ न त सूक्ष्म देवताहरू ब्रह्मा, विष्णु, शंकर जस्तो कुनै आकारी रूप नै छ । पहिला सोमनाथ जस्तो प्रसिद्ध मन्दिरमा हीराको शिवलिंग स्थापित थियो (जसलाई मोहमद गज़नवीले लुटेर लगेका थिए), जुन चम्किरहन्थ्यो र परमात्माको ज्योतिस्वरूप (Self Luminous) भएको सिद्ध गर्दछ । शिवलिंगमा त्रिपुण्डी पनि बनाइन्छ, जुन परमात्मा शिवको त्रिमूर्ति, त्रिनेत्री, त्रिकालदर्शी र त्रिलोकिनाथ हुनुको प्रतीक हो । यसबाट पनि शिवलिंग परमात्माको निराकार स्वरूपको मूर्ति हो भन्ने प्रमाणित हुन्छ । यो पनि मान्यता प्रसिद्ध छ कि वृन्दावनमा गोपेश्वरको स्थानमा श्री कृष्ण, श्री राम आदि देवताहरूको पनि ईश्वर शिव नै हुनुहुन्छ (रामेश्वर रामको पनि ईश्वर) परमात्मा शिव जन्म-मरणबाट रहित हुनुहुन्छ तर गीता ज्ञान सुनाउनको लागि उहाँले अलौकिक जन्म (अवतरण) लिनुहुन्छ, जसको यादमा प्रतिवर्ष शिव जयन्ति अथवा शिवरात्रीको पर्व पनि भारत वर्षमा मनाइन्छ ।






## गीताको भगवान र महादेव शंकरमा अन्तर

साधारणतः प्रायः शिव र शंकरमा फरक मानिदैन । शिवको प्रतिमा ज्योर्तिलिङ्गम्को रूपमा पुजिन्छ र शंकरलाई मनुष्य आकारमा देखाइन्छ । वास्तवमा शिव र शंकरमा त्यति नै फरक छ जति पिता र बच्चामा छ । महादेव शंकर ब्रह्मा, विष्णु र शंकर त्रिदेव मध्ये एक हुनुहुन्छ । र सबैका रचयिता अथवा पिता ज्योर्तिलिङ्गम् शिव हुनुहुन्छ । ब्रह्माको केवल स्थापनाको कर्तव्य हुन्छ तर सर्वशक्तिमान परमात्मा स्थापना, पालना र विनाश तिनैको नियन्ता हुनुहुन्छ । त्यसैले यी देवताहरू परमात्माको रूपमा होइन बरू रचयिता तथा पिता परमात्मा यिनीहरू भन्दा अलग हुनुहुन्छ । उहाँ हुनुहुन्छ निराकार ज्योर्तिलिङ्गम् शिव । उहाँको प्रकाश हजारौं सूर्य भन्दा पनि तेजोमय छ । अर्थात् अव्यक्त भएर पनि मूर्तवाला हुनुहुन्छ । ज्ञान सागर, प्रेम सागर, पतित पावन, दिव्य बुद्धिदाता, मनुष्य सृष्टिका बीजरूप, निराकार परमपिता, शिक्षक एवं सद्गुरू, त्रिमूर्ति परमात्मा शिव हुनुहुन्छ, न कि शंकर । यस फरकलाई बुझ्नु आवश्यक छ । किनकि यस तथ्यलाई नजानीकन हाम्रो योग उहाँ पिता परमात्मासँग लगाउन सकिदैन र उहाँबाट शक्ति पनि प्राप्त हुन सक्दैन ।

## गीताको भगवान सर्वव्यापी हुनुहुन्न

परमात्माको 'ज्योतिबिन्दु' अथवा सितारा-समान निराकार स्वरूपको ज्ञान नहुनाको कारण परमात्माको बारेमा अनेक कुराहरू प्रचलित छन्। कोही कोहीले परमात्मालाई नाम, रूपबाट न्यारा हुनहुन्छ भन्छन् जबकि वास्तवमा परमात्माको नाम र रूप न्यारा छ। भगवानुवाच छ, जो भक्त श्रद्धाले युक्त भएर अरू देवताहरूलाई (परमात्मा मानेर) पूजा गर्छन्, उनीहरूको त्यो पूजा अविधिपूर्वक हो अर्थात् अज्ञानपूर्वक हो। कोही 'आत्मा नै परमात्मा हो' भनी सबै चैतन्य जीवहरूलाई परमात्माको रूप अथवा अंश मान्दछन्। कोही फेरि, 'कण-कणमा भगवान' भन्दै जड़-चेतन, पत्थर-भित्ता सबैमा परमात्मालाई व्यापक समझन्छन। वास्तवमा 'परम' कर्त्तव्य गर्ने भएको हुनाले परमात्मालाई 'परम आत्मा' भनिन्छ। सर्वव्यापीले न त कर्म गर्न सक्नुहुन्छ न त कल्याण गर्न नै। परमात्मालाई मालिक पनि भनिन्छ। कुनै चीजको मालिक त्यस चिजमा व्यापक हुन सक्दैन। यदि परमपिता परमात्मा सर्वव्यापी हुने हो भने सबै पिता हुने थिए तर एक परमपिताको सन्तान भएको नाताले संसारमा मनुष्यहरूमा भाइ-भाइ (Brotherhood) को नाता छ, पिता-पिता (Fatherhood) को छैन। परमात्मालाई सर्वव्यापी भन्नुको अर्थ त के हुन्छ भने परमात्मा पनि जन्म-मरण, कर्म-भोग र दुःख-सुखको चक्रमा आएको हुनुपर्ने, परमात्मा पनि पतीत, विकारी बन्नुभएको र पाप पनि परमात्माले गर्नुभएको हुनपर्ने तर परमात्मा त पतीत-पावन, दुःखहर्ता, जन्म-मरण रहित, अकर्ता र अभोक्ता हुनुहुन्छ।

आत्मा र परमात्मा चैतन्य सत्ता हो जबकि प्रकृति (Nature) जड हो। यदि कण-कणमा परमात्मा भएको भए त सारा ब्रह्माण्डमा जड़ रहने नै थिएन। तब एक चैतन्य सत्ताको र अर्को कुनै पनि योनि आत्माहरूको संस्कारमा परस्पर कुनै भेद नै हुने थिएन। फेरि, जुन वस्तु जहाँ उपस्थित हुन्छ, त्यहाँ उसको गुण पनि त उपस्थित हुन्छ। यदि परमात्मालाई सर्वत्र व्याप्त मान्ने हो भने उहाँको ज्ञान, शान्ति, सुख, प्रेम आदि गुण पनि त्यहाँ उपस्थित हुने थियो। तब न त धर्मग्लानि हुन्थ्यो न त परमात्मालाई गीता ज्ञान सुनाउने प्रश्न नै उठ्थ्यो। सर्वव्यापी परमात्मा कसलाई, किन, कहाँबाट, कहाँ ज्ञान सुनाउनको लागि आउनुहुन्छ र उहाँले कसलाई कोसँग योग लगाउने शिक्षा दिनुहुन्छ ? श्री कृष्णलाई सर्वव्यापी परमात्माको अंश-अवतार मान्नेहरूले विचार गर्नुहोस् कि सर्वव्यापीको अंश कहाँ र कसरी हुन सक्छ भनेर। परमात्मालाई सर्वव्यापी भन्नाले रचयिता-रचना, आत्मा-परमात्मा, मूर्ख-विद्वान, गुरू-शिष्य, मनुष्य-पशु, जड़-चैतन्य, राम्रो-नराम्रोमा कुनै अन्तर नै हुने थिएन।



## गीताको भगवान ब्रह्मलोक निवासी हुनुहुन्छ

गीतामा 'भगवानुवाच' छ, म परमात्मा यो सृष्टिमा व्याप्त छैन र न त यो सृष्टि म मा व्याप्त हु म यस सृष्टिको चन्द्रमा, सूर्य र तारागण भन्दा पनि पर स्वयं-प्रकाश तत्व (ब्रह्म) को निवासी हूँ। ब्रह्माण्डमा तीन लोक छ, जसलाई त्रिलोक र परमात्मा लाई त्रिलोकिनाथ भनिन्छ। तल आकाश तत्वमा यो साकार शरीरधारी मनुष्यको दुनिया (Corporeal world) छ, जहाँभन्दा माथि सूक्ष्म देवताहरू ब्रह्मा, विष्णु, शंकरको आकारी दुनिया (Subtle World) छ। सबैभन्दा माथि अशरीरी आत्माहरूको र परमात्माको निवास-स्थल निराकारी दुनिया (Incorporeal Soul World) छ, जहाँ परम शान्ति छ। यस शान्तिधाम (SilenceWorld) लाई निर्वाण (वाणी नभएको) धाम, परमधाम, परलोक अथवा ब्रह्मलोक पनि भनिन्छ। जब कुनै मनुष्य मर्दछ भने भनिन्छ यो परलोक गयो (परमात्माको समीपमा गयो) यसबाट पनि प्रमाणित हुन्छ कि परमात्मा पारलौकिक परमपिता हुनुहुन्छ। प्राथना गर्ने समयमा पनि मनुष्यले अनायास माथि नै हेर्ने गर्छन र परमात्मालाई 'पारब्रह्म परमेश्वर' भनेर पुकार गर्छन। यसबाट स्पष्ट हुन्छ कि परमधाम माथि नै छ।

# श्रीकृष्ण र परमात्माको महिमामा महान अन्तर

कुनै पनि व्यक्तिको महिमा उसको कर्तव्य अनुसार नै हुन्छ । श्रीकृष्णलाई गीताको भगवान मान्नुका बावजुद पनि भक्तहरूले परमात्मा र श्रीकृष्णको गायन, पुजन र महिमा गर्ने रीति–विधिमा मौलिक भिन्नता छ, जुन आजसम्म विद्यमान छ । भक्तजनले श्रीकृष्णको गायन सर्वगुण सम्पन्न, सोह्रकला सम्पूर्ण, सम्पूर्ण निर्विकारी र अहिंसक, मर्यादा पुरूषोत्तम भनेर गरिन्छ, जबकि मनुष्य सृष्टिको बीजरूप, निराकार, पारलौकिक परमपिता परमात्मा, जो त्रिमूर्ति (ब्रह्मा, बिष्णु, शकंरका रचयिता) त्रिनेत्री, त्रिकालदर्शी र त्रिलोकिनाथ हुनुहुन्छ, उहाँलाई ज्ञानको सागर, आनन्द र प्रेमको सागर, सुख-शान्ति र शक्तिको सागरको रूपमा महिमा गरिन्छ र उहाँको पतित-पावन, दु:खहर्ता, सुखकर्ता, मुक्ति जीवनमुक्ति, गति-सद्गति दाता भनेर महिमा गरिन्छ । महिमाको यस महान अन्तरबाट स्पष्ट हुन्छ कि श्रीकृष्ण र परमात्मा दुई अलग-अलग संज्ञा हुन् र यसबाट निम्नलिखित भेद प्रत्यक्ष हुन्छन् –

## श्रीकृष्ण जन्म-मरणको चक्रमा आउनुहुन्छ

यस मनुष्य सृष्टि नाटकमा परमात्मा रचयिता तथा निर्देशक हुनुहुन्छ जबकि मनुष्यात्मा यसका अभिनयकर्ता हुन् । त्यसैले परमात्मा सदाकालको लागि जन्ममरणबाट सदा मुक्त हुनुहुन्छ जबकि मनुष्यात्माहरूलाई आफ्नो भूमिका निर्वाह गर्नको लागि शरीर धारण गर्नु अर्थात् जन्म मरणमा आउनुपर्दछ । अब श्रीकृष्णले त आफ्नो निजी साकार शरीरलाई धारण गर्नुभएको थियो र छोड्नुभएको पनि थियो । श्रीकृष्णको आत्माले यो शरीर मेरो होइन भनेर भन्न सक्नुहुन्न । स्पष्ट के छ भने श्रीकृष्ण जन्ममरणमा आउनुहुन्छ । त्यसैले उहाँलाई परमात्मा सरह अयोनि कसरी भन्न सकिन्छ र ? पुनश्चः जन्म मरणबाट सदा मुक्त हुनाको कारण परमात्मालाई अकालमूर्त भनिन्छ । परमात्माको निराकार (ज्योति बिन्दु) स्वरूप कहिल्यै पनि बदलिंदैन । तर श्रीकृष्णको साकार शरीरको सम्बन्धमा त के स्पष्ट छ भने उहाँ आएर पनि गइसक्नुभएको छ । उहाँलाई परमात्मालाई जस्तै अकालमूर्त भन्न सकिंदैन । त्यसैले श्रीकृष्णलाई परमात्मा मानेर याद गर्नुलाई परमात्माको याद कसरी भन्न सकिन्छ ?

## श्रीकृष्ण व्यक्त र शरीरधारी हुनुहुन्छ

सबै धर्मका मनुष्यहरू यही मान्दछन् कि परम-आत्मा (Supreme Soul) निराकार अर्थात् अशरीरी अथवा अव्यक्तमूर्त हुनुहुन्छ । परमात्मालाई न त मनुष्यको जस्तो कुनै साकार शरीर छ न त उहाँको त्रिमूर्ति आकारी देवताहरू ब्रम्हा, बिष्णु, शंकरको जस्तो कुनै सूक्ष्म शरीर नै छ । श्रीकृष्ण साकार हुनुहुन्थ्यो र यो नाम उहाँको शारीरिक रूपको मात्र थियो, जसको यादगार उहाँका चित्र र मूर्तिहरूको रूपमा छन् । अशरीरी परमात्माको न त कुनै शारीरिक नाम छ न त उहाँको कुनै शारीरिक आकृति नै छ । त्यसैले श्रीकृष्णको नाम र उहाँको शारीरिक आकृतिलाई परमात्माको नाम तथा स्वरूप कसरी भन्न सकिन्छ ?


## श्रीकृष्ण पावन हुनुहुन्छ, पतित–पावन होइन

श्रीकृष्णको उपरोक्त महिमा उहाँका आफ्ना गुणहरू अर्थात् उहाँको नीजि पावन अवस्थाको अनुसार नै गरिने हो । यसबाट उहाँको पतीतबाट पावन बनाउने कर्तव्य गरिएको सिद्ध हुँदैन । गीताका भगवान-परमात्मा पुरानो पतीत आसुरी सृष्टिको विनाश र गीता ज्ञानद्वारा नयाँ पावन दैवी सृष्टिको स्थापना-कर्ता हुनाको कारण उहाँलाई 'पतीत पावन' र सद्गतिदाता (Liberator) भनिन्छ । फेरि श्री कृष्णलाई स्थापना, पालना र विनाशको लागि निराकार परमात्मा सूक्ष्म देवताहरू मध्ये एक विष्णुजीको साकार रूप मानिन्छ, तब उहाँलाई ब्रह्मा, विष्णु र शंकरको रचयिता अथवा त्रिमूर्ति परमात्मा कसरी भन्न सकिन्छ ?

## श्रीकृष्ण सोह्रकला सम्पूर्ण हुनुहुन्छ

परमात्माको महिमा समुद्रमा हुने अथाह जल जस्तै अपरम-अपार (बेहद) छ । त्यसैले उहाँलाई ज्ञान, प्रेम, शान्ति, शक्ति आदि गुणहरूको 'सागर' भनिन्छ । अन्यथा परमात्मालाई प्रकाशको अखुट भण्डार सूर्यबाट 'ज्ञान सूर्य' भनेर उपमा दिइन्छ । जसकारण गीता ज्ञानको लागि पनि भनिन्छ कि यसलाई (सृष्टिको) आदिमा सूर्य (परमात्मा)ले दिनुभएको थियो । परमात्माको गीता ज्ञानद्वारा दिव्य गुण धारण गरेर देवता पद प्राप्त गर्ने मनुष्यात्माहरूको सम्पूर्ण अवस्थालाई चन्द्रमाका कलाहरूको उपमा दिइन्छ । श्रीकृष्णको आत्माले सर्वोत्तम पुरूषार्थ गरेर जीवन-मुक्त देवपदको उच्चतम अवस्था प्राप्त गर्नुभयो । उहाँ सोह्र कला सम्पूर्ण देवता हुनुहुन्थ्यो । अन्य देवी देवता उहाँभन्दा कम कला भएका हुनुहुन्थ्यो । कलाहरूको अन्तर बाहेक श्रीकृष्णको जस्तै महिमा चौध कला सम्पूर्ण श्रीराम तथा अन्य साकार देवी-देवताहरूको पनि हुन्छ । सार्वाधिक कलाहरू प्राप्त गर्ने श्रीकृष्ण साकार देवताहरूमा उच्चतम हुनुहुन्थ्यो । जसकारण उहाँ सत्ययुगको प्रथम राजकुमार बन्नुभयो । तर उहाँको सम्पूर्ण अवस्थाको पनि एउटा सीमा थियो । उहाँ सोह्र कला सम्पूर्ण देवता हुनुहुन्थ्यो । उहाँको महिमा परमात्मा सरह ज्ञान-सूर्य अथवा गुणहरूको सागरको रूपमा गरिदैन ।

## श्रीकृष्ण प्रत्यक्ष हुनुहुन्छ



श्रीकृष्ण सोह्र कला सम्पूर्ण हुनुहुन्थ्यो । अन्य सबै देवी–देवताहरू उनीभन्दा कम कला भएका नै थिए । सर्वाधिक कला भएका सर्वोत्तम देवता श्रीकृष्णको कंचन काया त सबैभन्दा सुन्दर थियो । श्री कृष्ण जस्तो दिव्य विभूति, जसको शरीरको पावन अंग-अंगको महिमा कमलपुष्पको उपमा दिएर (कमल-नयन, मुखकमल, करकमल, चरणकमल ईत्यादि) भनेर आजका दिनसम्म पनि महिमा गरिन्छ, उहाँको जन्म त सतोगुणी पावन दैवी सृष्टिमा नै हुन्छ, अति धर्मग्लानिको तमोप्रधान समय ती मित्र, सम्बन्धी कहाँबाट आउँन् जो श्रीकृष्ण जस्तो देवताको माता-पिता, बन्धु, सखा बन्ने योग्य होऊन् । जबकि जड चित्रहरू र जड मूर्तिहरूमा पनि श्रीकृष्णको रूप सजिएको र अति आकर्षणमय देखाइन्छ भने चैतन्य श्रीकृष्ण कसरी गुप्त रहन सक्नुहुन्छ ? आज पनि यदि श्री कृष्ण चैतन्य रूपमा आउनुहुन्छ भने उहाँलाई नचिन्ने र हृदयङ्गम नगर्ने शायद नै कुनै प्राणी होलान् । अतः परमात्मा गीता ज्ञान सुनाउनको लागि श्रीकृष्णको दिव्य र मनमोहक शरीरमा होइन, कुनै अन्य साधारण व्यक्तिको साधारण रथमा अवतरित हुनुहुन्छ । यदि परमात्माले श्रीकृष्णको मोहिनी रूपमा आएर गीताज्ञान दिएको भए उहाँले गुप्त रूपबाट साधारण मनुष्य शरीर धारण गरेको म परमात्मालाई मूढमतिहरूले तुच्छ सम्झिन्छन् भनेर भन्नुहुँदैनथ्यो । श्रीकृष्ण न त गुप्त हुनुहुन्थ्यो न साधारण ।

## श्रीकृष्ण (चौरासी) पुनर्जन्मको चक्रमा आउनुहुन्छ

पुनश्चः देवताहरूका गुणहरूको तुलना चन्द्रमाका कलाहरूसँग यसकारणले गरिन्छ कि जुन प्रकारले चन्द्रमाको कला घट्छ र बढ्छ त्यसरी नै देवताहरू पनि सृष्टिचक्रमा पुनर्जन्म लिंदा लिंदा आफ्नो शुरूको पावन अवस्थाबाट बिस्तारै बिस्तारै घट्दो कलामा आउँदछन् र पुण्य क्षीण भएर वाममार्गीय बन्दछन् । सृष्टिको अन्तसम्म उनीहरू पूर्णतया जीवन-बन्ध अवस्थालाई प्राप्त गर्दछन् । तब मात्रै पुरानो भएको सृष्टिमा आफ्नो अन्तिम जन्ममा परमात्माद्वारा पुनः गीता ज्ञान पाएपछि नयाँ (नयाँ कल्पका) जन्महरूमा जीवनमुक्त देवपद प्राप्ति हुन्छ । यसबाट सिद्ध हुन्छ कि देवताहरू पनि पावन तथा पतीत अवस्थामा पुनर्जन्ममा आउँदछन् । विश्वका प्रथम राजकुमार श्रीकृष्ण त सत्ययुगको आदिदेखि कलियुगको अन्त्यसम्म पूरा चौरासी पुनर्जन्मको चक्रमा आउनुहुन्छ जबकि निराकार परमात्मा जन्म-मरणको चक्रबाट सदा-मुक्त हुनुहुन्छ र उहाँ बढ्ने र घट्ने कलाहरूमा आउनुहुन्न ।

## श्रीकृष्ण बैकुण्ठनाथ हुनुहुन्छ

श्री राधा-कृष्ण, श्री लक्ष्मी-नारायण, श्री सीता-राम देवी-देवताहरूका यादगारहरू यस सृष्टिमै विद्यमान छन्। पावन देवी-देवता यसै सृष्टिमा सत्य-त्रेतायुगी सूर्यवंशी तथा चन्द्रवंशी चक्रवर्ती राजगद्दीका स्वामी विश्व महारानी-महाराजन अर्थात् सारा जगत्का नाथ (जगन्नाथ) हुनुहुन्थ्यो। त्यस समयको सृष्टिलाई नै स्वर्ग अथवा वैकुण्ठ भनिन्छ। श्रीकृष्णलाई पनि एक सजिएको महाराजकुमारको रूपमा देखाइन्छ, जसबाट स्पष्ट हुन्छ कि उहाँ वैकुण्ठवासी देवता हुनुहुन्थ्यो। वैकुण्ठलाई श्रीकृष्णपुरी पनि भनिन्छ। मनुष्यमात्रले यो कुरालाई जान्दैनन् कि वास्तवमा श्रीकृष्ण सत्ययुगको प्रथम राजकुमार हुनुहुन्थ्यो जसकारण चित्रहरूमा उहाँलाई पातमा बसेको देखाइन्छ अर्थात् उहाँ सृष्टिरूपी कल्पवृक्षको पहिलो पात हुनुहुन्थ्यो। कुनै पातमा हाड मासु भएको बच्चा कसरी अड्न सक्छ ? यदि उहाँ द्वापर युगको भएको भए उहाँलाई पहिलो पात भनेर कसरी देखाउन सकिन्छ ? यो पनि थाहा पाउनुपर्ने कुरा छ कि श्रीराधे र श्रीकृष्णको स्वयंवर र राजतिलक भएपछि नाम बदलिएर श्रीलक्ष्मी र श्री नारायण भएको हो। (भारतमा वर-वधूको नाम बदलिने चलन अहिलेसम्म पनि छ)। त्यसैले श्री लक्ष्मी, श्री नारायणको वाल्यावस्था तथा श्री राधे र श्रीकृष्णको प्रौढ अवस्थाका चित्र उपलब्ध छैनन् र श्रीकृष्णको जन्मदिवस मनाइन्छ भने श्री नारायणको मनाईंदैन। वास्तवमा श्रीकृष्ण नै श्री नारायण हुनुहुन्थ्यो, यसको पुष्टि भक्तहरू द्वारा नित्यप्रति उच्चारण गरिने यस पक्तिबाट पनि हुन्छ –'श्रीकृष्ण गोविन्द हरे मुरारे, हे नाथ नारायण वासुदेव'। यसबाट स्पष्ट हुन्छ कि श्रीकृष्ण (श्री नारायण) मनुष्य सृष्टिरूपी कल्पवृक्षको पहिलो पात, सत्ययुगी दैवी सृष्टिको प्रथम राजकुमार हुनुहुन्छ जबकि निराकार परमात्मा मनुष्य सृष्टिरूपी कल्पवृक्षको बीजरूप र सारा ब्रह्माण्डका स्वामी, त्रिलोकीनाथ हुनुहुन्छ। वैकुण्ठलाई श्रीकृष्ण पुरी भनिन्छ परमधाम(परलोक)लाई होइन। श्रीकृष्णले वैकुण्ठमा सुखमय राजपाठ भोग्नुभयो जबकि परमात्मा अभोक्ता हुनुहुन्छ, दु:ख र सुखबाट पर अर्थात् अलग (सर्वोपरी) हुनुहुन्छ।

## श्रीकृष्ण रचना हुनुहुन्छ

भगवानुवाच छ -म परमात्मा नै यस मनुष्य सृष्टिरूपी कल्पवृक्षको अविनाशी बीजरूप र रचयिता हुँ। मैले नै पुरानो सृष्टिको विनाश, नयाँ दैवी सृष्टिको स्थापना र पालना गर्दछु। करन-करावनहार परमात्मा स्थापना, पालना र विनाशको यो कार्य क्रमशः ब्रह्मा, विष्णु र शंकरद्वारा गराउनुहुन्छ। गीता ज्ञानद्वारा नरबाट श्री नारायण, नारीलाई श्री लक्ष्मी अथवा पतीत मनुष्यहरूलाई पूज्य र पावन देवता पद प्राप्त हुन्छ। परमात्माले नै वेश्यालय तुल्य बनेको पतीत दुनियालाई पावन शिवालय बनाउनुहुन्छ। विचार गर्नुपर्ने कुरा त के छ भने पतीत-पावन परमात्माले गीता ज्ञान सुनाएर किन पावन देवी-देवताहरूलाई रच्नुभयो ?

अर्कोतर्फ यो पनि विचारणीय छ कि जुन देवी-देवताहरूको यादगार मन्दिरहरूमा स्थापित छन्, उनीहरूलाई देवपदको प्राप्ति कसरी र कोद्वारा भयो ? वास्तवमा श्री राधा, श्री कृष्ण, श्री लक्ष्मी, श्री नारायण, श्री सीता, श्री राम जस्ता पूज्य र पावन सत्य-त्रेतायुगी साकार देवताहरू गीताका भगवान पतित-पावन रचयिता परमात्माका पावन रचना हुन्। वस्तुतः अघिलो कल्प (सृष्टि चक्र) को कलियुगको अन्तको आफ्नो अन्तिम जन्ममा उनीहरूले परमात्माबाट गीता ज्ञान प्राप्त गरेर नयाँ कल्पको आफ्नो सत्य तथा त्रेतायुगी अनेक जन्महरूमा देवी-देवता पद प्राप्त गरे। गीताका भगवानका यी महावाक्यबाट स्पष्ट हुन्छ कि मेरो यो ज्ञान राजाहरूको पनि राजा बनाउने सबै विद्याहरूको राजा हो"। अब स्पष्ट हुन्छ कि वैकुण्ठवासी राजकुमार श्रीकृष्ण जस्तो देवता नै गीताका भगवानका सर्वश्रेष्ठ रचना हुनुहुन्छ। अतः वास्तवमा पावन देवता श्रीकृष्णले गीताको जन्म दिनुभएको थिएन, तर पतीत-पावन परमात्मा (रचयिता) ले पतीत-पावनी गीता माताद्वारा श्रीकृष्ण जस्तो पावन देवता रच्नुभएको थियो।


## श्रीकृष्णले अवतार (दिव्य जन्म) होइन, लौकिक जन्म लिनुभएको थियो



यो त सबैले जान्दछन् र मान्दछन् कि श्रीकृष्णले माताको गर्भबाट जन्म लिएर नीजि शरीर धारण गर्नुभएको थियो र उहाँको लौकिक माता–पिता, मामा आदि सम्बन्धी पनि थिए र आफ्ना शिशु, बाल, किशोर अवस्थाहरूमा श्रीकृष्णले लौकिक माता–पिताबाट पालना, शिक्षा आदि पनि लिनुभएको थियो । विचार गर्नुपर्ने कुरा के छ भने परमपिता परमात्मा जो स्वयम्भू (अथवा शम्भू) हुनुहुन्छ र सबै मनुष्यात्माहरूका अविनाशी पिता हुनुहुन्छ, कोही मनुष्य उहाँको माता–पिता, मामा आदि कसरी हुन सक्छन् ? यदि परमात्माका पनि दैहिक माता–पिता हुने भए ती परमात्मालाई कसरी 'पिता' भनेर कसरी सम्बोधित गर्न सकिन्छ ? पुनश्चः पालना र शिक्षा आदि शरीर धारण गरेर मनुष्यलाई नै लिनुपर्दछ, परमात्मा त सर्वका दाता, शिक्षक र सद्गुरू हुनुहन्छ । फेरि यदि परमात्माले कसैको पालना लिने भए त उहाँको पनि कर्मको हिसाब बन्छ र उहाँ पनि प्रकृतिको अधीन हुनुहुन्छ ।


## भगवान्ले द्वापरमा होइन कलियुगको अन्तमा गीता ज्ञान सुनाउनुहुन्छ

गीतामा भगवानुवाच छ, -जब यस सृष्टिमा अति धर्मग्लानि हुन्छ र पापको घडा भरिन्छ, तब यस सृष्टिरूपी कल्पवृक्षको अविनाशी बीजरूप म परमात्मा पुरानो सृष्टिको विनाश र नयाँ वृक्षको कलम लगाएर नयाँ सृष्टिको पुनःस्थापनाको कार्य गर्दछु । अब पापको घडा त कलियुगको अन्तमा नै भरिन्छ, जहाँ मनुष्यात्माहरू बिल्कुल तमोप्रधान बन्दछन् । तर मनुष्यकृत शास्त्रमा त गीता ज्ञान द्वापर युगको अन्त्यमा दिइएको थियो भनेर भनिएको छ । विचारणीय कुरा छ के छ भने द्वापर पछि त कलियुग आउँछ । त्यसो भए भगवान्ले गीता ज्ञान सुनाएर अझै धर्मग्लानिको युग कलियुगको स्थापना गर्नुभयो त ? कसैले परमात्माको अवतारलाई युगे-युगे मान्दछन् । (त्यसो हो भने चार युगमा चार मात्रै अवतार हुनुपर्थ्यो न कि चौबिस) यदि परमात्माले हरेक युगमा अवतार लिनुहुन्थ्यो भने सृष्टिको दशा हरेक युगमा पहिलो युगभन्दा गिर्ने थिएन ।




वास्तवमा यस अनादि सृष्टिचक्रको पुनरावृत्ति युगहरूको क्रमानुसार नै हुन्छ । सत्ययुग, त्रेतायुग, द्वापर, कलियुगको यस चक्रमा कलियुगपछि नै सत्ययुग आउँदछ र सत्ययुगभन्दा पहिले कलियुग हुन्छ । कलियुगमा सृष्टिमा अनेक धर्म, अनेक राज्य हुन्छन् (जुन यस समयमा छ) र सत्ययुगमा अहिंसा परमोधर्म, विश्व महाराजा महारानी श्री लक्ष्मी श्री नारायणको चक्रवर्ती स्वराज्य स्थापित हुन्छ । (जो वाल्यकालमा श्री राधा श्री कृष्ण थिए) अब प्रश्न उठ्छ, कलियुगलाई सत्ययुगमा कसले बदलिदिन्छ त ? वास्तवमा परमात्मा शिवले नै कलियुगको अन्त्य र सत्ययुगको आदिको सन्धिकाल अथवा संगमको समय आदिदेव ब्रह्माको मुख कमलद्वारा गीता ज्ञान सुनाएर सत्ययुगी पावन सृष्टिको पुनर्स्थापना गर्नुहुन्छ । सर्वशक्तिवान परमात्मा शिव प्रत्येक कल्पमा एकै पटक कलियुगको अन्तमा अवतरित हुनुहुन्छ । तब मात्रै सृष्टिरूपी कल्पवृक्ष पूरा हुन्छ र आफ्नो जडजडिभूत अवस्थामा आएको हुन्छ । सबै आत्माहरूले यहाँ साकारमा आफ्नो भूमिका पूरा गरिसकेका हुन्छन् । जनसंख्या बृद्धि उच्चतम अवस्थामा पुगिसकेको हुन्छ र आत्माहरूको परमधाम फिर्ता जाने समय भैसकेको हुन्छ । शिवरात्रीको पर्व पनि यसै सत्यताको यादगार हो कि परमात्मा शिवले कलियुग रूपी रात्रीको अन्तमा नयाँ सृष्टिको स्थापना गर्नुहुन्छ ।

## भगवान्को शरीररूपी रथ



परमात्मा सँगसँगै ब्रह्माजीलाई पनि रचयिता अर्थात् नयाँ सृष्टिको स्थापनाकर्ता भनिन्छ । किन ? ब्रह्मा परमात्मा त हुनुहुन्न । त्यसो भए ब्रह्माद्वारा स्थापनाको के अर्थ हुन्छ ? गीता शास्त्रमा पनि उल्लेख छ कि सृष्टिको आदिमा प्रजापिता ब्रह्माले यज्ञसहित प्रजा रच्नुभयो । कहाँका प्रजा ? यो एक अति गुह्य रहस्य हो, जुन गीताको भगवान्ले अब पुनः अवतरित भएर स्पष्ट गर्नुभएको छ कि साकार ब्रह्माको मुखद्वारा गीता ज्ञानको मुरली सुनाएर नै परमात्मा शिव तमोप्रधान आसुरी संस्कार भएका शुद्र सम्प्रदायका मनुष्यात्माहरूलाई ब्रह्मासहित शुद्रबाट ब्राह्मण बनाउनुहुन्छ अर्थात् सच्चा ब्रह्मा मुख वंशावली ब्राह्मण रच्नुहुन्छ । यही परमात्मा शिवको सच्चा रूद्र गीता ज्ञान यज्ञ रचना हो, जसबाट देवीदेवता उत्पन्न भएर वृद्धिलाई प्राप्त गर्दछन् । ब्राह्मण ब्रह्माजीको मुखबाट निस्केका थिए भन्ने पनि मान्यता छ । शिव परमात्माबाट ब्रह्मा मुखद्वारा सच्चा भगवद् गीता सुनेर शुद्रबाट ब्राह्मण बनेका यही सच्चा मुख वंशावली ब्राह्मण पुनः नयाँ सत्य-त्रेतायुगी सृष्टिमा देवता पद प्राप्त गर्दछन् । त्यसकारण मन्दिरमा 'ब्राह्मण देवी देवताय नमः' भनेर कलियुगी पुजारी ब्राह्मण स्वयं पनि ती सच्चा ब्राह्मणहरूको वन्दना गर्दछन् । ब्रह्माद्वारा सत्य-त्रेतायुगी प्रजा रचियका कारण नै ब्रह्मालाई प्रजापिता ब्रह्मा भनिएको हो । यसमा के पनि स्पष्ट छ भने स्थापनाको कार्य यस साकार सृष्टिमा नै चल्दछ । किनकि सूक्ष्म लोकमा त ब्रह्माद्वारा प्रजा रच्न सकिँदैन । ब्रह्मालाई आदिदेव पनि भनिन्छ, जसबाट के सिद्ध हुन्छ भने परमात्माले दैवीसृष्टिको स्थापना उहाँद्वारा नै गर्नुहुन्छ । ब्रह्मालाई आ-आफ्नो भाषामा ईसाईहरूले एडम तथा मुस्लमानहरू आदम् नामबाट पुकार्दछन् ।

ब्रह्मा नै यस सृष्टि नाटकको मुख्य अभिनेता हुनुहुन्छ । किनकि उहाँको भूमिका पुरा कल्प चल्दछ । त्यसैले ब्रह्माको नामबाट नै सत्य त्रेतायुगी पहिलो आधा कल्पलाई ब्रह्माको दिन (सुखधाम स्वर्ग) र पछिल्लो आधा कल्प (दुःखधाम, नर्क) लाई ब्रह्माको रात भनिन्छ । चित्रमा ब्रह्मालाई सेतो दाह्री भएको वृद्ध देखाइन्छ । जसबाट के स्पष्ट हुन्छ भने गीताको भगवान् शिव एक अनुभवी मनुष्य आत्माको साधारण वृद्ध शरीरमा प्रवेश गर्नुहुन्छ । अन्य कुनै देवताको दाह्री देखाइँदैन यदि परमात्मा श्रीकृष्ण जस्तो किशोरको तनमा आउने भए धैरै आयुको मनुष्यलाई उहाँसँग पिताको नाता जोड्न त के उहाँको पिता भनेर सम्बोधित गर्नु पनि अस्वभाविक लाग्दछ । ब्रह्मालाई वृद्ध देखाइन्छ । कुनै पनि व्यक्ति प्रारम्भबाट नै वृद्ध हुँदैन यसबाट स्पष्ट हुन्छ कि परमात्माको उनमा अवतरित हुनुभन्दा पहिला सो व्यक्तिको (लौकिक) नाम भिन्न हुन्छ । गीतामा वर्णित अर्जुन यही ब्रह्मा नै हुनुहुन्थ्यो जसको शरीर रूपी रथमा परमात्मा सवारी गर्नुहुन्छ । ब्रह्मालाई भागिरथ पनि भनिन्छ । किनकि उहाँको भाग्यशाली रथ (शरीर) द्वारा नै परमात्मा शिवले गीता ज्ञान अमृतको सच्चा गंगा बगाउनुहुन्छ । ब्रह्मा नै नन्दीगण हुनुहुन्छ । जसको सवारी शिवले गर्नुहुन्छ ।

## गीता भगवानद्वारा स्थापित ईश्वरीय विश्व विद्यालय

गीता ज्ञान युद्धको मैदानमा दिइएको थिएन । गीताका भगवान् शिव अथवा रूद्र भगवान्ले कलियुगको अन्तमा गीता ज्ञान सुनाउन र सहज राजयोग सिकाउनको लागि ब्रह्माद्वारा विश्वको एकमात्र सच्चा ईश्वरीय विश्व विद्यालय अथवा रूद्र गीता ज्ञान यज्ञको स्थापित गर्नुहुन्छ । यही यज्ञमा विनाश ज्वाला प्रज्वलित हुन्छ र सारा पुरानो सृष्टिको आहुति यसैमा पर्दछ । यस यज्ञबाट शुद्रबाट ब्राह्मण बन्ने प्रजापिता ब्रह्मामुख वंशावली ब्रह्माकुमार ब्रह्माकुमारीहरू नै शिवको रूद्रमालाका चैतन्य मणका बन्दछन्, जुन परमात्मा शिवद्वारा स्थापना हुने  सत्य-त्रेतायुगी सृष्टि (बैकुण्ठ) मा यथा राजा रानी तथा प्रजाको रूपमा स्वराज्यलाई प्राप्त गर्दछन् । वर्तमान अति धर्मग्लानिको समय गीताको भगवान् शिव ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयद्वारा ५००० वर्ष पूर्व जस्तै पुनः गीता ज्ञान दिएर नयाँ सृष्टिको पुनःस्थापनाको कार्य गर्नुहुन्छ । यसको साथसाथै गृहयुद्ध, प्राकृतिक विपत्ति एवं मुसल (बम्वस) द्वारा पुरानो तमोप्रधान सृष्टिको विनास (महाभारत) को तैयारी पनि भइरहेको छ, जसको असर वर्तमान समयमा स्पष्ट देखिइरहेको छ । अतः प्रिय दिदीबहिनी एवं दाजुभाइहरू, समयलाई चिनौं, जागौं, भगवान आइसक्नुभएको छ !



# श्रीमद् भगवद्गीताका प्रमुख शिक्षाहरू

*सत्य आध्यात्मिक ज्ञान केवल गीताका भगवानले आएर दिनुहुन्छ । यसलाई देख्ने दर्पण, राख्ने दिव्य बुद्धि र यसको सत्यताको मापदण्डको बारेमा पनि उहाँले नै बताउनुहुन्छ, जसलाई संक्षेपमा यहाँ प्रस्तुत गरिएको छ ।*

## आत्मा साक्षात्कार

### आत्मा अजर अमर अविनाशी सत्ता हो

*नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावक। न चैनं क्लेदय त्यापो नशोषयति मारुत।। अ.२ श्लो.२३*

आत्मा स्वतन्त्र संस्कारबाट युक्त, दृष्यातित छ । कुनै पनि वस्तुको अग्नि संस्कारबाट रूप परिवर्तन गर्न सकिन्छ, अंगारलाई पानीमा राखेर कोइला, कोइलालाई जलाएर खरानी बनाउन सकिन्छ तर आत्मालाई सकिदैन । पानीलाई सफा गर्न सक्छौं, धुन सक्छौं, भिजाउन सक्छौं, त्यही पानीलाई चिस्याएर वरफ बनाउन सक्छौं, उसलाई उमालेर वाष्प बनाउन सक्छौं । रूप परिवर्तन गर्न सक्छौं तर आत्मा अभौतिक अस्तित्व भएको सत्ता हो । आत्मा श्वाँसद्वारा जिउने कुनै चिज होइन ।

परिवर्तनशील शरीरलाई चलाउने आत्मा अविनाशी र पराभौतिक शक्ति (Metaphysical Power), जसलाई यी स्थूल नेत्रबाट देख्न सकिन्न, जसलाई केवल ज्ञान नेत्रबाट मात्रै अनुभव गर्न सकिन्छ । यो आत्मा न कहिल्यै पैदा हुन्छ न यो मर्दछ, यो आत्मा उत्पन्न पनि हुँदैन, नाश पनि हुँदैन । यो जन्मरहित नित्य शाश्वत पुरातन छ । शरीर नाश हुँदा पनि यो नाश हुँदैन । (*न जायते म्रियते वा कदाचिन् नायं भूत्वा भविता वा न भूयः। अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे अ.२ श्लो.२०*)

यस सृष्टि रंगमञ्चमा देहरूपी वस्त्र धारण गरेर आत्माले आफ्नो भूमिका निर्वाह गर्दछ । कर्मको सिद्धान्त अनुसार आत्मालाई हरेक जन्ममा विभिन्न प्रकारको देहरूपी वस्त्र मिल्दछ, जसमा रहेर आत्माले कर्मको फल भोग्दछ । त्यसैले गीतामा भनिएको छ, -जसरी मनुष्यले पुरानो कपडालाई त्यागेर नयाँ कपडा धारण गर्दछ, त्यसरी नै देहधारी आत्मा पुरानो शरीरलाई छोडेर अन्य शरीरलाई धारण गर्दछ । शरीर आत्माको लागि भेषभुषा हो । आत्माको लागि प्रकृतिको एक उपहार हो । जब पाँच इन्द्रिय दुर्वल हुन्छ, तब शरीर जडजडिभूत हुन्छ, (*वासांसि जीर्णानि यथा विहाय नवानि गृहणाति नरोऽपराणि । तथा शरीराणि विहाय जीर्णान्य अन्यानि संयाति नवानि देही अ.२ श्लो.२२*)

## आत्माको स्थानः मष्तिष्कको मध्यभागमा

कैयौंको मान्यता आत्मा हृदयमा हुन्छ भन्ने छ । तर हृदयको काम केवल रगतलाई एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउनु हो । एक दिनमा हाम्रो हृदयले ३ लाख पटक पम्प गर्दछ । यदि हृदय नै मन हुन्थ्यो भने त हृदय प्रत्यारोपण पश्चात् मन पनि परिवर्तन हुनुपर्ने थियो । त्यसैले विचारणीय कुरा त के छ भने हृदय स्थूल चिज हो भने मन (आत्मा) सूक्ष्म सत्ताको नाम हो ।

हाम्रो शरीरमा जति पनि अंगहरू छन्, ती सबैलाई चेतना सन्देश पुऱ्याउने काम मष्तिष्कले गर्दछ । यदि खुट्टामा काँडा लाग्यो भने हृदयलाई थाहा हुँदैन तर मस्तिष्कलाई थाहा हुन्छ । शरीर सबैको नियन्त्रण कक्ष मस्तिष्क हो । नियन्त्रक पनि मस्तिष्कमा हुन्छ । हाम्रो मस्तिष्कभित्र हायपोथेलमस (Hypothalmas) र पिट्युटरी ग्लैण्ड (Pitutary Gland) को बीचमा आत्माको स्थान हुन्छ र यसलाई Medically Proof गरिएको छ । जसरी ड्राइभरको स्थान गाडीमा त्यहीँ हुन्छ, जहाँबाट उसले सारा गाडीलाई नियन्त्रण गर्न सजिलो हुन्छ । यस्तो होइन कि पछाडि मोड्नु छ भने पछि नै दौडन्छ, ब्रेक लगाउनु छ भने अगाडि दौडन्छ । जहाँबाट सारा नियन्त्रण गर्न सक्छ, दायाँबायाँ मोड्न सक्छ, त्यही बस्दछ । यस्तै प्रकारले आत्माको पनि अस्तित्व यस शरीरमा त्यही स्थानमा हुन्छ, जहाँ सारा सिस्टमको नियन्त्रण कक्ष हुन्छ । त्यसैले नियन्त्रक (Controler) त नियन्त्रण कक्ष (Controlling Room) मा नै बस्दछ, जहाँबाट उसलाई नियन्त्रण गर्न सजिलो हुन्छ Surface Marking उसको भृकुटीमा हुन्छ, जहाँ टीका लगाउँछौं । आत्माको यस तथ्यलाई प्रमाणित गर्न श्रीमद् भगवद्गीतामा निम्नानुसारका श्लोकहरूबाट प्रष्ट पारिएको छः

*इदं शरीरं कौन्तेय क्षेत्र मित्यभिधीयते । एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ॥ अ।१३ श्लो।१*

अर्थः हे अर्जुन । यस देहलाई क्षेत्र र प्रकृति पनि भनिन्छ । देवता र प्रकृतिलाई जान्नेलाई क्षेत्रज्ञ भनिन्छ । देह तथा प्रकृतिको बारेमा जान्नेलाई प्रकृति ज्ञानी र आत्मा ज्ञानलाई जान्नेलाई आत्माज्ञानी भनिन्छ ।

*यथा प्रकाशयत्येक कृत्स्नं लोक मिमं रवि । क्षेत्रं क्षेत्री तथा कृत्सनं प्रकाशमति भारत ॥ अ।१३ श्लो।३३*

अर्थः हे अर्जुन, जुन प्रकारले एउटै सूर्यले समस्त लोकलाई प्रकासित गर्दछ, त्यस्तै प्रकारले क्षेत्रज्ञ (आत्मा) ले समस्त क्षेत्र (देह) लाई प्रकाशित गर्दछ ।

*स्पर्शन्कृत्वा बहिर्बाधां वक्षु वेऽवान्तेर भ्रुवो । प्राणपानौ समौ कृत्वा नासाभ्यान्तर चारिणौ ॥*
*यतेन्द्रिय मनोबुद्धि र्भु निर्भोक्ष परायण । विगतेच्छा भयक्रोधो य सदा मुक्त एवस ॥ अ।२ श्लो।२६,२७*

अर्थः विषय विकारलाई दूर गरेर दृष्टिलाई भृकुटीको बीचमा केन्द्रित गरेर नाकमा संचारित प्राणपानलाई समान गरेर इन्द्रियसहित मन-बुद्धिलाई नियन्त्रण गरेर मोक्षपरायण भएर इच्छा, भय, क्रोधरहित भएर जो मुनि रहन्छ, उ सदा मुक्त हुन्छ ।

## देहरुपी रथ र इन्द्रियरुपी घोडाहरुको आत्मा सारथी हो

*रथं शरीरं पुरुषस्यदृष्यं आत्मा नियन्त्रेन्द्रियण्या हुरश्वः, तैरप्रमत्तः कुशलः सदृश्चेर दांतेः कृतियांति पदं स धीरः*

अर्थः मनुष्यको देह रथ हो, आत्मा सारथी हो, इन्द्रियहरू घोडा हुन् । यीबाट उन्मत्त नभइकन निपूर्ण बनेर आफ्नो पकडमा राखेर राम्रा घोडाहरूद्वारा सफलतापूर्वक अगाडि बढ्ने नै धीर हो ।

रथमा रहने सारथीलाई रथ चलाउने दिशा थाहा हुनुपर्दछ । यदि सारथीले रथ चलाउने कला सिकेको छैन भने जीवनरूपी यात्रा सुखमय हुँदैन । सारथीले रथ चलाउने प्रशिक्षण लिनु अति जरूरी छ । रथ चलाउनु अर्थात् रथका घोडाहरूलाई चलाउनु । घोडाहरू जुन दिशामा दौडिन्छन्, रथ पनि त्यही दिशामा चल्दछ । जुन दिशामा घोडा दौडिन चाहन्छ, त्यो दिशामा रथलाई लैजाने होइन, सारथी जुन दिशामा जान चाहन्छ, सो दिशामा घोडालाई चलाउन सिक्न जरूरी छ । हरेक घोडा आफ्नो

इच्छापूर्वक आफ्नो दिशामा नभागोस् ।

जसरी कार चलाउनको लागि ड्राइभरलाई प्रशिक्षणको जरूरत पर्दछ, त्यसरी नै जीवन यात्रामा आत्मालाई देहमा बसेर जन्मदेखि मृत्युसम्मको यात्रा तय गर्ने समयसम्म सारथीको कार्य निभाउन प्रशिक्षणको आवश्यकता पर्दछ । प्रशिक्षण आत्मालाई नै दिनुपर्दछ । किनकि आत्मा स्वयं शरीरको चालक हो । चालकमा यदि एकाग्रता छैन भने दुर्घटना जरूर हुन सक्छ । एकाग्रतालाई चञ्चल गराउनको लागि वरपरका आकर्षण नै कारण हुन् । आत्माले भौतिक संसारको आकर्षणको भोग पाँच इन्द्रियहरूद्वारा गर्दछ र देह अभिमानमा आउँछ ।

मन र बुद्धिद्वारा श्रेष्ठ कार्य, पवित्र कार्य, शुद्ध कार्य, पावन कार्य कर्मेन्द्रियरूपी घोडाहरूद्वारा गर्नुपर्दछ । तब आत्मारूपी सारथी जीवनरूपी यात्रालाई वीर, धीर बनेर समर्थरूपबाट सफलतापूर्वक गर्न सक्दछ ।

## दैवी गुणहरू

दैवी सम्पदा मुक्तिको लागि र आसुरी सम्पदा बन्धनको लागि मानिएको छ । भगवान्ले अध्याय १६ को श्लोक १,२ र ३ मा केही दैवी गुणहरूको वर्णन गर्नुभएको छ । ती निम्नानुसार छन् :

- निर्भय
- कर्मेन्द्रियहरूलाई वशमा राख्ने
- अन्तःकरणको शुद्धता
- सत्य प्रिय
- देहभानको त्याग
- दयालु
- सात्विक दान
- सहनशीलता
- ओजस्वी
- भित्र बाहिर एक समान
- क्षमा
- निरहंकारी
- ज्ञान-योगमा तत्पर
- स्वाध्याय गर्ने
- अहिंसा
- क्रोधरहित
- निन्दा नगर्ने
- मर्यादाको पालना
- श्रेष्ठ कर्म
- अनासक्त
- धैर्यवान
- समर्थ कार्य
- मित्रभाव
- अन्तः करणको सरलता

## परमात्माले सर्वप्रथम जसलाई ज्ञान सुनाउनुहुन्छ, त्यसलाई पालना गर्ने ब्राह्मण आत्माका लक्षणहरू (अ. १८ श्लो. ४२)

- मानसिक शान्ति प्रियता
- तपस्या, ईश्वरीय यज्ञ हेतु तीव्र पुरूषार्थ
- अन्यको अपराधमा क्षमा भाव
- ज्ञान-सुन्नु र सुनाउनु
- परमात्मालाई सर्वसम्बन्धले याद गर्नु
- ईन्द्रियहरूको संयम
- पवित्रता
- सहज सरल जीवन
- ज्ञान-विज्ञानको प्रयोग गर्नु
- नम्रता

# परमात्मा साक्षात्कार

परमात्माको सत्य स्वरूपलाई जान्ने इच्छुक सबै भक्तार्जुन, योगी, प्राज्ञ, जिज्ञासु विश्लेषक व्याख्यानकार, दार्शनिक आदि सबै परमात्माको सत्य र यथार्थ दर्शनको अभावमा चिन्तित छन् । चिन्ता गर्दागर्दै परमात्मा भनेको के हो ? यो केवल व्याख्या हो ? कल्पना हो ? भ्रम हो ? के परमात्मा केवल एक श्रद्धा वा विश्वास हो ? के यो एक अन्धविश्वास हो ? परमात्माको सत्य परिचय के हो ? परमात्मा को हुनुहुन्छ ? परमात्मा कति हुनुहुन्छ ? परमात्मा कस्तो हुनुहुन्छ ? परमात्माको रूप कस्तो छ ? परमात्माको नाम के हो ? परमात्मा कहाँ हुनुहुन्छ ? परमात्माको कर्तव्य के हो ? जस्ता विषाद योगका प्रश्नको उत्तर नमिल्नाको कारण सबै विषाद योगी बनेका छन् ।

यस ज्ञानलाई आर्जन गर्ने नै परमात्मा शिक्षाको सत्य अर्जुन हुन्छ । अर्जुन भनेको सिक्नु, पढ्नु, अध्ययन गर्नु, प्राप्त गर्नु हो । जसले गीताको परमात्माको सत्य ज्ञानलाई अध्ययन गरेर यथार्थ ज्ञान प्राप्त गरेर तथा सम्पादन गर्दछ, उ त्यही दिनबाट नै ज्ञानार्जुन बन्दछ । यसले परमात्माको सत्य परिचयलाई ज्ञानयुक्त योग युक्त, युक्तियुक्त बनेर प्राप्त गर्दछन् उनीहरू सबै ज्ञानयोगी राजयोगी परमात्मा योगी हुन् ।

## परमात्मा ज्योतिस्वरुप हुनुहुन्छः

*परं ब्रह्म परं धाम पवित्रं परमं भवान् । पुरुषं शाश्वतं दिव्यमाविदेवमजं विभुम् ।।*

तपाई परब्रह्म परमज्योति स्वरूप परमधाम निवासी र परम पवित्र हुनुहुन्छ । तपाइलाई शाश्वत पुरूष, स्वप्रकाश स्वरूप, आदिदेव जन्मरहित र ईश्वर भनिन्छ ।

वास्तवमा परमात्मा परब्रह्म परम पवित्र परम पुरूष शाश्वत स्वप्रकाश स्वरूप आदिदेव जन्मरहित र विभु अर्थात् ईश्वर हुनुहुन्छ । यस दिव्य वा स्वप्रकाश स्वरूप पवित्र ओंकार स्वरूपलाई भारतवर्ष अन्तर्गत भक्ति सम्प्रदायमा ज्योतिरूपमा ज्योतिर्लिङ्गको रूपमा चित्रिकृत तथा शिल्पीकृत गरिएको छ । परमात्मा चैतन्य सत्‌चित आनन्द स्वरूप सत्यम् शिवम् सुन्दरम् हुनुहुन्छ ।

## परमात्मा सदा अव्यक्त हुनुहुन्छ

श्रीमद् भगवद्गीताले परमात्माको सत्य स्वरूपको विषयमा सत्य परिचय गराउँदछ । परमात्मा सदा अव्यक्त हुनुहुन्छ । कहिल्यै व्यक्त बनेर जन्म लिनुहुन्न् । जन्म रहितको आफ्नो शरीर हुँदैन । ज्योति स्वरूप परमात्मा देहधारी हुनुहुन्न । अव्यक्त, अव्यय म परमात्मा-स्वरूपलाई नजान्ने अविवेकी मानिसहरू पहिले मलाई अव्यक्त भएर पछि व्यक्त भएको मान्दछन्ः-

*(अव्यक्तं यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः । परं भावमजानन्तो ममा व्ययमनुत्तमम् ।।)*

## परमात्मा परमधाम निवासी हुनुहुन्छ, सर्वव्यापी हुनुहुन्न

आश्चर्यको कुरा के छ भने एकातिर मानिसहरु परमात्मालाई 'माता-पिता' र 'पतित-पावन' मान्दछन् भने अर्कोतिर भन्दछन् 'परमात्मा' सर्वव्यापी हुनुहुन्छ अर्थात् उहाँ ढुंगा-मुढा, साँप, बिच्छी, बराह, गोही, चोर, डाँकु, सबैमा हुनुहुन्छ । आफ्नो परम प्यारो, परम पावन, परमपिताको बारेमा यस्ता प्रकारका अभिव्यक्ति दिनु अत्यन्तै ठूलो भूल हो । ठूलो पाप हो । यदि परमात्मा सर्वव्यापी हुनुहुन्थ्यो भने उहाँको शिवलिंग रूपको पूजा किन हुन्छ ? यदि उहाँ यत्र-तत्र-सर्वत्र हुनुहुन्थ्यो भने उहाँले दिव्य जन्म कसरी लिनुहुन्छ ? मानिसहरु उहाँको अवतरणको लागि किन पुकार गर्थे तथा शिवरात्रिको

चाड किन मनाइन्छ ? यदि परमात्मा सर्वव्यापी हुनुहुन्थ्यो भने उहाँले गीता-ज्ञान कसरी दिनुहुन्थ्यो र गीतामा लेखिएका यी महावाक्यहरु कसरी सत्य सिद्ध हुन्थे -"म परम पुरूष (पुरूषोत्तम) हूं, म सूर्य र तारागणको प्रकाशको पहुँचबाट पनि पर परमधामको निवासी हूं, यो सृष्टि एक उल्टो वृक्ष हो र म यसको बीज हूं जो कि माथि बस्दछु।" त्यस (परमधाम) लाई न सूर्यले प्रकाशित गर्दछ, न चन्द्रमा न अग्निले नै प्रकाशित गर्दछ। जसलाई प्राप्त गरेपछि पुनः फिर्ता आउँदैन त्यही मेरो परमधाम हो।

*(न तत् भासयते सूर्यो न शशाङ्को न पावकः । यत्गत्वा न निवर्तन्ते तत् धाम परमं मम ॥ अ.१५ श्लो.६)*

## परमात्माको दिव्य कर्तव्य

*अविभक्तं च भूतेषु विभक्तम् इव च स्थितम् । भूतभर्तृ च तज् ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ॥ अ.१३श्लो.१६*

**अर्थः परमात्मा विभागरहित अविभक्त हुनुहुन्छ, सबै उहाँका सन्तान हुन्। सबैको भरण पोषण पनि गर्नुहुन्छ, पालना पनि गर्नुहुन्छ। सृष्टिको कल्याण हेतु विनाश पनि गराउनुहुन्छ।**

## ज्योतिस्वरुप परमात्मा सर्वोच्च एवं सर्वधर्ममान्य

*सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज । अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुच : ॥*

अर्थः सर्व धर्मलाई परित्याग गरेर केवल म एकको नै शरणमा आऊ, म तिमीलाई सर्व पापबाट मुक्त गरिदिन्छु तिमी शोक नगर।

इतिहासमा उल्लेख छ, श्री रामले धनुष्कोडीमा ईश्वरलिङ्गको स्थापना गरेर ईश्वरको पूजा गर्नुभएको थियो। श्रीरामद्वारा स्थापित र पूजित ईश्वरलिङ्गलाई द्वादश ज्योतिर्लिङ्ग मध्ये एउटा मानिएको छ। राजा श्री रामद्वारा अर्चन गरिएको

रामेश्वर नामले प्रसिद्ध छ। वायुण्य संहितामा उल्लेख छ -श्रीकृष्णले हिमालयमा शिवप्रति तपस्या गर्नुभयो र उहाँलाई शिवको साक्षात्कार भयो श्रीकृष्णद्वारा गोपेश्वरमा स्थापित शिवलिङ्ग आज पनि त्यत्तिकै दर्शनीय र प्रख्यात छ।

गौतम बुद्धले जब गयामा बसेर तपस्या गर्नुभयो। परमज्योतिस्वरूप परमात्माको साक्षात्कार भयो। त्यस साक्षात्कारबाट ज्ञानोदय भएर उहाँ बुद्ध बन्नुभयो। परम ज्योतिरूप परमात्माको साक्षात्कार भएर पनि बुद्धले यथार्थ रूपबाट बुझ्न सक्नुभएन। अतः बुद्धले आफ्ना अनुयायीहरूलाई परमात्माको यथार्थ ज्ञान बुझाउनुभएन, जसबाट बौद्ध धर्म निरीश्वरवादी बन्यो। सिक्ख धर्मका गुरूनानकले परमात्मालाई एक ओंकार सत् नाम भनेर प्रकाश स्वरूप परब्रह्मको महिमा गर्नुभयो। गुरू ग्रन्थ साहेबले पनि एक ओंकार निराकार परमात्मालाई नै ध्यान गर्नुपर्ने प्रष्ट पार्दछ।

क्राइष्टले परमात्मालाई गड इज लाइट भनेर महिमा गर्नुभएको छ। यसको अर्थ परमात्मा प्रकाश स्वरूप हुनुहुन्छ भन्ने हो। क्राइष्ट तथा क्रिश्चियनहरूले गड येहोवालाई नै प्रार्थना गर्दछन्। मुशलमानहरू 'अल्लाह हो अकबर ला इलाही इल्लल्लाहु अल्लाह हो अकबर' भनेर प्रार्थना गर्दछन्। उनीहरू पनि अल्लाहलाई एक नूर अर्थात् परमात्मालाई प्रकाश स्वरूप मान्दछन्। महाविर आदिद्वारा गरिने ध्यान (तपस्या)ले पनि प्रकाश स्वरूप परमात्मालाई नै संकेत गर्दछ। अतः कुनै पनि देश, कुनै पनि समय कुनै पनि भाषा कुनै पनि प्रकारका मनुष्यहरूले मूलतः एक परमात्मालाई नै प्रार्थना गर्दछन्।

परंब्रह्मा परमज्योति स्वरूप परमात्मा शिवको ध्यान तपस्या शंकरले पनि अनन्यभावले गर्नुहुन्छ। भक्तहरू परमात्मालाई आ-आफ्नो भाषामा विविध शब्दबाट स्मरण गर्दछन्। प्रार्थना गर्दछन् र उहाँको महिमा गाउँदछन्। यसबाट के थाहा हुन्छ भने जसरी पानीलाई संस्कृतमा नीर, अंग्रेजीमा Water, नेपालीमा पानी भनिन्छ, त्यसरी नै ज्योतिर्बिन्दु स्वरूप शिव

परमात्मालाई भारतवर्षमा ज्योर्तिलिङ्म निराकार भनेर पुज्दछन् । वेदागमोपनिषदमा परब्रह्म कुरानमा ला इलाह इल्लल्लाह, बाइबलमा गड गुरू ग्रन्थ साहेबमा एक ओंकार तथा जैनहरूले अरिहन्त भनेर परमात्माको महिमा गर्दछन् ।

विश्वको इतिहासका पानाहरूलाई पल्टाएर हेर्ने हो भने थाहा हुन्छ कि पूर्वीय धर्म वा संस्कृतिलाई पाश्चात्य देशहरूले अपनाएको देखिन्छ ।

- फरिजिया अथवा फिजी देशमा शिव परमात्मालाई सेवा वा सेवाजियाको नामबाट आराधना गर्दछन् ।
- अमेरिकाको पेरूमा त्यहाँका आदिवासी परमात्मा शिवलाई आज पनि शिवु भन्दछन् ।
- बेबिलोनिया स्थित शिवलिङ्गलाई त्यहाँका मानिसहरूले शिवुन भनेर उपासना गर्दछन् ।
- ग्रीकहरूद्वारा पुजिने शिवलिङ्गको नाम फल्लुस हो ।
- इजिप्टमा शिवलिङ्गलाई ओसरीस नामले पुकारिन्छ । इजिप्ट भाषाको ओसरीस को अर्थ संस्कृतमा ईश हुन्छ । इटलीको रोममा पूजिने शिवलिङ्गलाई प्रियपस भनिन्छ ।
- फ्रान्सको क्रिश्चियन चर्च अजयबघरमा पत्थरको शिवलिङ्गको प्रतीकलाई आज पनि देख्न सकिन्छ ।
- चीनमा ज्योतिस्वरूप शिवलिङ्गको उपासना हूवेड-हिफह नामबाट गर्दछन् ।
- जापानमा केही व्यक्तिहरूले अङ्गुष्ठाकारको अर्थात् शिवलिङ्गाकारको शीला प्रतिमालाई चिन-किन-सेकी नामद्वारा पुकार्दछन् तथा योग अभ्यासको लागि त्यसमा आफ्नो दृष्टि एकाग्र गर्दछन् ।
- मिश्रमा असिरिस र अइसिस नामक शिवलिङ्गको उपासना गरिन्छ ।
- स्कटल्याण्डको ग्लासगो शहरमा सुनको विशिष्टलिङ्गको उपासना हुन्छ ।
- अष्ट्रिया र हंगेरीमा तान्त्रिस्वक नामक शिवलिङ्गको उपासना गरिन्छ ।
- असीरीया देशको विलस नगरमा ३०० घनफुट आकारको महालिङ्गको उपासना हुन्छ ।
- ईरानमा ज्वालामय शिवलिङ्गको उपासना गरिन्छ ।
- पेरूमा पार्थिवेश्वर लिङ्गको उपासना गरिन्छ ।
- अमेरिकाका प्रेम्ब्रुको शहरमा द्विमुख शिवलिङ्गको उपासना गरिन्छ ।
- अमेरिकाको टेन्सी शहरमा  घनलिङ्गको उपासना हुन्छ ।
- यहुदीहरूले शिवलिङ्लाई वेलफेगो भन्दछन् ।
- दक्षिण अमेरिकाको सुरी देशमा शिव मन्दिर पाइन्छ ।
- मेसोपोटोमिया, मलेशिया, जर्मनी, स्पेन, सिंगापुर, मेक्सिको, श्रीलंका, जावा, बर्मा, मलाया आदि देशहरूमा शिवलिङ्गको

## ज्ञान-योगको पराकाष्ठा प्राप्त गर्ने विधि

परमात्माले (अ.१८ श्लो. ५१, ५२, ५३, ५४मा) ज्ञान योगको परकाष्ठा प्राप्त गर्ने विधि बताउनुभएको छ :

- सात्विक आहार एवं विहार
- विकारहरूको त्याग
- एकान्तमा रहने अभ्यास
- इन्द्रियहरूको संयम
- राग द्वेषबाट पर
- दृढ वैराग्य
- ध्यान योगमा निरन्तरता
- ममता रहित
- शान्ति युक्त
- समभाव

# कर्म सिद्धान्त

## कर्मको आधारमा पुनर्जन्मः

*पुरुषः प्रकृतिस्थो हि भुंक्ते प्रकृतिजान्गुणान् । कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु ॥ अ.१३श्लो.२२*

अर्थः पुरूष (आत्मा) प्रकृति (शरीरमा) मा रहेर नै प्रकृतिबाट निर्मित गुणहरूको अनुभव गर्दछ। गुणसँगको कारण नै आत्मा राम्रो र नराम्रो योनीहरूमा जन्म लिन्छ। पुरूष (आत्मा) ले माताको गर्भमा प्रकृति (शरीर) लाई प्राप्त गर्दछ। आत्मालाई स्वस्थ वा अस्वस्थ दुवै किसिमको शरीर मिल्न सक्छ। आत्माले आफूलाई प्राप्त शरीरको जीवनभर अनुभव गर्दछ। त्यही शरीरमा रहेर सोही शरीरको गुणको अनुभव गर्दछ। आत्माले गर्ने पुण्य संग्रहको आधारमा दान धर्मको आधारमा अघिल्लो जन्मको श्रेष्ठ कर्मको आधारमा आत्मालाई शरीर (रथ) प्राप्त हुन्छ। यदि अधिक पुण्य जम्मा छ भने सुदृढ शरीर, सुन्दर शरीर र दीर्घ आयुले युक्त शरीर मिल्दछ। यदि पुण्य कम जम्मा छ भने कम स्वस्थ, कम आयु कम सुन्दरयुक्त शरीर प्राप्त हुन्छ। त्यसैले श्रेष्ठ वा निम्न घरानामा जन्मनुमा कारण आत्मा स्वयं नै कारण बन्दछ। अघिल्लो जन्ममा गरिएको पाप पुण्यको आधारमा नै भाग्य निर्धारित गर्दछ।

एक परमात्मा बाहेक सबै आत्माहरू भोक्ता हुन् भोक्ता आत्माहरूको लागि शरीर अनिवार्य छ। सबै आत्माहरू शरीरधारी हुन्, तर शरीर अशाश्वत् छ। आत्मा अविनाशी छ। अविनाशी भोक्ता आत्मा अनिवार्य रूपबाट शरीर लिनाको कारण पुनरूपि जननं पुनरपि मरणं..... जन्म-मरणको चक्रमा आउँछन्। यस जन्म-मरणको चक्रमा रहने आत्माले परोपकारार्थ इदं शरीरं अर्थात् परोपकारको लागि नै यो शरीर मिलेको हो। निस्वार्थ रूपमा जन सेवामा शरीरको प्रयोग गर्नुपर्दछ। त्यस निस्वार्थ सेवाको फलस्वरूप आउने भाग्य पुनर्जन्ममा प्राप्त हुन्छ। यसै विषयलाई निम्नानुसारको श्लोकले अझ स्पष्ट पार्दछ

*आयुः कर्मच वित्तंच विद्या निधनमेवच । पंचैतानी हि सृज्यंते गर्भस्यस्थैव देहिन ॥*

अर्थः आत्मा जब माताको गर्भमा रहन्छ, तब नै उसको आयु, कर्म, ऐश्वर्य, विद्या र मरण पूर्व-जन्मको संस्कारको आधारमा निर्धारित रहन्छ।

*यथाधेनु सहस्रेशु वत्सो विदंति मातरं । तथा पूर्वकतं कर्मा कर्तारं अनुगच्छती ॥*

अर्थः जसरी हजारौं गाईहरू भएर पनि बाच्छोले आफ्नो मातालाई नै खोजेर जान्छ, त्यसरी नै पूर्वजन्ममा गरिएको पाप-पुण्य कर्तृलाई खोजेर जान्छ।

## कर्मको फलः सम्बन्ध, रोग र प्राकृतिक विपत्ति

*ऋणानुबंध रुपेण पशुपत्नी सुतालय । पूर्व जन्म कृतं पापः व्याधी रुपेण संस्थिता ॥*

अर्थः पत्नीको लागि पतिको रूपमा, पतिको लागि पत्नीको रूपमा अथवा सन्तानको रूपमा र माता पिताको रूपमा ऋणानुबन्धको आधारमा नै सम्बन्ध प्राप्त हुन्छ। पूर्व जन्मको पापकर्मलाई व्याधिको रूपमा अनुभव गर्नुपर्दछ।

देहअभिमानीहरूलाई, आत्मा ज्ञानलाई नबुझ्नेहरूलाई पुनर्जन्ममा विश्वास नगर्नेहरूलाई, कर्म सिद्धान्तमा विश्वास नराख्नेहरूलाई, दानपुण्यमा विश्वास नराख्नेहरूलाई तथा स्वार्थीहरूलाई पुनर्जन्ममा कम पुण्य मिल्दछ। किनकि उनीहरूले वर्तमान जीवनलाई नै देख्दछन्। भविष्यलाई देखेर श्रेष्ठ कर्म गर्दैनन्। यसको अर्थ उनीहरूले बुझ्दैनन्।

जो मानिस हिंस्रक छन्, स्वार्थी छन् द्रोही छन् धोखेवाज छन्, पाखण्डी छन्, कपटी छन्, धुर्त छन्, तुच्छ छन्, चोर छन्, ढोंगी छन्, व्यभिचारी छन् र वेश्या छन्, उनीहरूले यस्तो कर्मबाट यी उपाधिहरूलाई प्राप्त गर्दछन्। यिनीहरूका यी कर्मबाट कति मानिसहरू दुःखी भएका होलान। यी सबै दुःखको भोग अविनाशी आत्मालाई यस शरीरमा अथवा आगामी

शरीरमा गर्नु नै पर्दछ। यदि कर्म बाँकी रह्यो भने त्यसलाई आगामी जन्ममा भोग्नु नै पर्दछ। यसरी सबैले जे गर्दछन्, त्यसैको आधारमा नै जन्म लिन्छन्।

*न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत । कार्य ते हयवश: कर्म सर्व: प्रकृतिजैर्गुणै:*

अर्थः कुनै पनि मनुष्य क्षणभर पनि कुनै रहन सक्दैन। किन की प्रकृतिका गुणहरूद्वारा विवश भएर सबै मनुष्य कर्ममा प्रवृत्त हुन्छन्।

## निष्काम कर्मः आसक्तिरहित कर्म

*यज्ञर्थात्किर्मणौऽन्यत्र लोकोऽयं कर्मबन्धन: । तदर्थ कर्म कौन्तेय मुक्तसङ्ग: समाचर ।। अ३ श्लो९*

अर्थः यज्ञको लागि गरिएको कर्मको अतिरिक्त अन्य सबै कर्म यस लोकमा बन्धनको कारण हो। त्यसैले हे अर्जुन, तिमी आसक्तिरहित भएर यज्ञको लागि नै कर्म गर।

*तस्मादसक्त: सततं कार्य कर्म समाचर । असक्तो ध्याचरन्कर्म परमाप्नोति पुरुष: ।। अ३ श्लो१९*

अर्थः त्यसैले तिमी लगातार आसक्तिरहित भएर सदा कर्तव्य कर्म राम्रोसँग गर किनकि आसक्तिरहित कर्म गर्ने मनुष्यले परम पुरूष (परमात्मा)लाई प्राप्त गर्दछ।

जबसम्म मनुष्यले कर्मसँग योगलाई जोड्दैन, उ कर्मयोगी बन्न सक्दैन। कर्मयोगको आधार वा सार आसक्ति रहित कर्म तथा कर्तव्य कर्म हो। के सोच्नु पर्दछ भने कर्म गर्नु मेरो कर्तव्य हो तर यसको फलमा मेरो कुनै अधिकार छैन अर्थात् लगाव वा मोह छैन।

## दानको कला (The Art of Giving)

दान शब्द कर्मको गुह्य गतिसँग सम्बन्धित छ। तपाई जे दिनुहुन्छ त्यही प्राप्त गर्नुहुन्छ, जति र जस्तो दिनुहुन्छ, त्यति र त्यस्तै प्राप्त गर्नुहुन्छ। दान अर्थात् दिनु। दिनु दैवी संस्कार हो। वास्तवमा दिनु नै लिनु हो। आध्यात्मिक सिद्धान्त अनुसार प्राप्तिका लागि पहिले दिनुपर्दछ। हामी जे जति जीवनमा अपेक्षा गर्दछौं, ती सबै हामीले दिएकै हुनुपर्दछ। त्यसैले दान गर्दा दाता वा दानीको संकल्प, भाव, दृष्टिकोणले ठूलो महत्व राख्दछ। जुन दान विना सत्कार, तिरस्कार पूर्वक, अयोग्य कुपात्रलाई गरिन्छ, त्यो तामसिक दान हो। जुन दान क्लेशपूर्वक, उपकारको इच्छाबाट प्रयोजनको फूलको उद्देश्यसहित दिइन्छ, त्यो राजसी दान हो भने योग्य पात्र, समयलाई ध्यानमा राखेर बदलाको आशा नराखी दिइने दान सात्विक दान हो *(अ.१७ श्लो. २०।२१।२२)*

जसले अपकारीमाथि पनि उपकार गर्दछ, उ महान् हुन्छ, तर पात्र (दान लिने) बाट पनि पुण्यको निर्धारण हुन्छ। यदि स्थूल धन कुनै कुपात्रलाई दिइएको छ भने उसले रक्सी पिउँछ वा कुनै खराब कार्यमा लगाउँछ भने त्यो धन दानीको खातामा पापको रूपमा जम्मा हुन्छ। यदि कसैले आफ्नो धन केवल मित्र सम्बन्धी वा सन्तानलाई दिएर उनीहरूलाई अल्छी वा कर्तव्य विमुख बनाएको छ भने पनि दानीको पुण्यको खातामा जम्मा हुँदैन। यदि भिक्षालाई व्यवसाय बनाएकाहरूलाई कुनै भोजन वा वस्तु दिएर उसलाई कर्मबाट अलग अल्छी बनाइन्छ भने पनि त्यो पुण्य हुँदैन। १५ दिनसम्म भोजन खुवाएको भिखारीलाई १६ औं दिन खाना खुवाउन सकिएन र उसले यस बापत अपशब्द बोल्छ भने पनि सो १५ दिनसम्मको पुण्य समाप्त हुन्छ। त्यसैले पात्र हेरेर नै दान दिनुपर्दछ।

यसै गरी ज्ञान दान पनि पात्र हेरेर गर्नुपर्दछ। यदि कसैको शरीरमा पीडा छ, ज्वरो छ भने उसलाई ज्ञानदान गरेमा पनि पुण्य मिल्दैन किनकि त्यस समय उसलाई औषधी वा स्थूल सेवाको आवश्यकता पर्दछ। जसले ज्ञानलाई सुनेर अपमान गर्दछ, उसलाई ज्ञानदान गर्नुहुँदैन।

## इन्द्रियमाथि नियन्त्रण

भनिन्छ इन्द्रियहरूको आकर्षण नै सर्वदु:खको कारण हो । जब आत्माको ज्ञान र अनुभव बिना नै कर्मेन्द्रियहरू मनसँगसँगै विविध किसिमका आकर्षणहरूमा फँस्दछ, यो नै अन्तत्तोगत्वा दु:खको कारण बन्दछ । त्यसैले श्रीमद् भागवद् गीतामा ईन्द्रियहरूको नियन्त्रणको विधि बताइएको छ ।

*कर्मेन्द्रियणि संयम्य य आस्ते मनसा स्मरन् । इन्द्रियार्थान्वि मूढात्मा मिथ्याचार: उच्चते ।। अ.३ श्लो.६*

अर्थ: जो मूढबुद्धि मनुष्य समस्त इन्द्रियहरूलाई हठपूर्वक माथिबाट रोकेर मनबाट ती इन्द्रियहरूको विषयमा चिन्तन गर्दछ, उसलाई मिथ्याचारी अर्थात् दम्भी भनिन्छ । इन्द्रियहरूको नियन्त्रण तब मात्रै हुन्छ, जब मनमा ती विषयहरूमाथिको चिन्तन पूरै हट्दछ । मनुष्यले विषय भोग त छोडिदिन्छ तर तिनीहरूको विषयमा आन्तरिक सोचमा लिप्त रहन्छ । यसबाट अन्त:करण शुद्ध हुँदैन, बुद्धि स्थिर हुँदैन । यस्तो आधा/अधुरो आचरणलाई मित्था आचरण भनिएको छ । अर्जुनले पनि अधुरो मनबाट कर्म (युद्ध) त्याग्न चाहन्छन् तर कर्म त्यागको लाभ निश्चित रूपबाट निष्काम कर्म गरेरै हुन्छ । निष्काम कर्म भावबाट कर्म गर्नेहरू नै कर्मत्यागी हुन्छन् न कि केवल कर्म त्याग । त्यसो त सुस्ती, अल्छी र बिरामी मानिसहरूले पनि हमेशा नै गर्दछन् तर जुन मनुष्य भित्रैबाट विषयमा लिप्त छन् र त्यागको देखावटी गर्दछन्, यस्ता मनुष्यहरू दम्भी नै हुन् ।

*यस्त्विन्द्रियाणी मनसा नियम्यारमतेऽर्जुन । कर्मेन्द्रियैः कर्मयोगमसक्त: स विशिष्यते ।। अ.३ श्लो.७*

अर्थ: हे अर्जुन, जुन मनुष्य मनद्वारा इन्द्रियमाथि नियन्त्रण गरेर आशक्तिरहित भएर समस्त ईन्द्रियहरूद्वारा कर्मयोगको आचरण गर्दछ, उ नै श्रेष्ठ हो । समबुद्धि भएर पुरै परिश्रमबाट अरूको भलाइको लागि र बिना अहम्ता तथा आशक्तिपूर्वक कर्म गर्नु नै श्रेष्ठ छ । यो तबमात्रै हुन सक्छ, जब मनुष्यको आफ्नो मन र ईन्द्रियमाथि पूरा नियन्त्रण हुन्छ ।

## मनमाथि नियन्त्रणको कला (The Art of Controlling Mind)

*असंशय महावाहो .............. च गृहयते । (अ.६ श्लो.३५)*

हे महावाहु । निसन्देह मन चंचल र कठीनतापूर्वक वश गर्नेवाला छ । तर यसलाई वैराग्य र अभ्यासबाट वशमा पार्न सकिन्छ ।

**१) अभ्यास :**

जब जब मन चंचल हुन्छ, तब डराउनु हुँदैन किनकि अपवित्र पुरानो संस्कारको कारण अपवित्र विचारले मनलाई दु:खी बनाउन सक्छ । मन पटक पटक पुरानो संस्कार (बानी) र विषयतर्फ भाग्दछ । मनमा उत्पन्न हुने विचारलाई साक्षी भएर जागृत स्थितिमा पटक पटक देखौं कि विचार कता गइररहेको छ ? केवल देख्ने अभ्यासबाट मन शान्त हुन थाल्दछ । जसरी एउटा चंचल बच्चालाई हेरिरहँदा केही क्षणमा उ स्वयं शान्त रहन्छ, त्यसरी नै मन आफैं शान्त हुन्छ । विचारहरूको निरीक्षणद्वारा जब मन शान्त हुन्छ, तब हामीले विचारहरूलाई दिशा प्रदान गर्न सक्दछौं । पुरै दिनमा विचारको प्रवाहलाई देखेर त्यसको दिशा परिवर्तन गर्नुपर्दछ । यस अभ्यासलाई प्रत्येक घण्टा पनि गर्न सकिन्छ । जब यो अभ्यास हुन्छ, नचाहेर पनि शुद्ध विचार स्वभाविक रूपबाट उत्पन्न हुन थाल्दछ ।

**२) वैराग्य :**

वैराग्य पनि मनलाई वश गर्ने आवश्यक तत्व हो । यहाँ बेहदको वैराग्यलाई संकेत गर्न खोजिएको छ, जसमा घरबारमा रहेर पनि पुरानो संसारकै आकर्षण नहोस् अर्थात् उपराम वृत्ति होस् । श्मशान घाटमा मानिसलाई अल्पकालको वैराग्य आउँदछ तर श्मशान घाटबाट फिर्ता आएपछि पुन: विषयमा प्रवृत्त हुन्छ । यसप्रकार हदको वैराग्यले व्यक्तिलाई घर

छोडेर जंगल पठाउँछ तर यो वास्तविक वैराग्य होइन । मनमा स्त्री, बच्चा याद आइरहन सक्छ । बेहदको वैराग्यको लागि निमित्त बनेर कर्म गर्नु, अल्पकालको साधनमाथि वशिभुत नभई, स्वयंलाई पाहुना मानेर वस्तुको उपयोग गर्नु, मेरोपनलाई छोड्नु, निराकारी स्थितिको अभ्यास गर्नु आवश्यक छ ।

## कर्म र अकर्मको सम्बन्ध

परमात्माले कर्मको गुह्य गतिको बारेमा बताउनुहुन्छः मनुष्य कर्ममा अकर्म र अकर्ममा कर्मलाई देख्दछ, उ बुद्धिमान योगी हो । हामी यो संसारमा आफ्नो संस्कारको आधारमा जुनसुकै कार्य गर्दछौं, त्यसलाई कर्म भनिन्छ । जुन कर्मको फल हुँदैन, त्यसलाई अकर्म भनिन्छ । मानौं मैले आज एउटा बीज रोपें । सो बीज अंकुरित भएर बिरूवा निस्क्यो । सो बिरूवा विस्तारै विस्तारै वृक्ष बन्दछ र वृक्षमा फल लाग्दछ । त्यस फललाई तोडेर म खान्छु । यहाँ बीज रोप्नु र फल खानु दुवै कर्म हुन् । यी दुई कर्ममा अन्तर छ । बीज रोप्ने कर्म श्रेष्ठ कर्म हो किनकि एक बीजबाट हजारौं लाखौं फलको प्राप्ति हुन्छ । त्यस्तै वृक्षमा लागेको फल टिपेर खानु पनि कर्म हो, जसले मलाई सन्तुष्टि दिन्छ । त्यो भन्दा पछाडि अरू कुनै फल मिल्दैन । यसलाई भनिन्छ अकर्म । जुन कर्मको फल हुँदैन, त्यो अकर्म हुन्छ । यसरी जीवनमा जसले श्रेष्ठ कर्म गर्दछ, उसले अकर्म पनि गर्न शुरू गर्दछ । फल भोग्दै गर्दा अझ अर्को श्रेष्ठ कर्म गर्ने प्रेरणा लिनु अर्थात् अकर्ममा कर्मलाई देख्नु हो ।

## यो सारा संसार नै कुरुक्षेत्र हो

वास्तवमा यो सारा संसार नै कुरूक्षेत्र हो जहाँ सबै प्राणीहरूले कर्म गर्दछन् । यसलाई कर्मक्षेत्र पनि भनिन्छ । अर्को कुरूक्षेत्र छ हाम्रो मनमा जहाँ वैचारिक युद्ध अनवरत चलिरहन्छ ।

१) मानसिक युद्ध : मानव मनभित्र राम्रो र नराम्रो बीच चल्ने अहिंस्रक युद्ध ।

२) पारिवारिक युद्ध : आज हरेक परिवारमा युद्ध द्वन्द्व र तनावको माहोल छ । पारिवारिक विघटन र गृहक्लेश चरम सिमामा पुगेको छ ।

३) राष्ट्रिय र अन्तराष्ट्रिय युद्ध : जाति, धर्म, भाषाको आधारमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय युद्ध ।

गीतामा पटक-पटक युद्धको लागि किन व्याख्या गरिएको छ ? वास्तवममा कुरा के छ भने मनुष्यले जन्म जन्मान्तर देह अभिमानको कारण अज्ञानताद्वारा विकर्म गरिरहन्छन् र यसमा उसको मन क्रमशः पतित बन्दै जान्छ । एक अवस्था यस्तो आउँछ कि मनुष्य काम क्रोधादिको विकारहरुको अगाडि घुँडा टेक्न जान्छ । ऊ तिनीहरुदेखि हार मानिरहेको हुन्छ । उसले त्यो माथि विजय प्राप्त गर्ने आशा नै छोडिदिन्छ । विकारलाई नै उसले स्वभाविक रुपमा सर्वमान्य मानेको हुन्छ, । अब उसले त्यसलाई पराजित गराउने संकल्प अथवा पुरुषार्थ नै छोडिदिन्छ ।

शत्रुसँग सामना गर्नु परेमा मनुष्य या त भाग्छ या त लड्छ । भाग्नु या युद्व गर्नु यी दुई मनका विचार हुन् । तर विकारी मनुष्य विकारसँग सामना गर्दैन । कर्मसन्यासी बन्न नसकेर कर्तव्यलाई छोडेर भाग्छ । फेरि विकारसँग लड्ने जब समय आउँछ, त्यसमा ऊ पछाडि हट्छ तर भगवान् उसलाई ज्ञान बल, योगबल तथा दिव्य गुण बलद्वारा शान्त गर्नको लागि प्रेरित गर्नुहुन्छ । त्यसकारण यो सारा पुरुषार्थलाई नै युद्ध भनिएको छ । अतः भगवानले आफ्ना आत्मारुपी सन्तानहरुलाई विकारहरुसँग लड्नको लागि ज्ञान वाण दिनुहुन्छ । यही ज्ञान बिन्दु नै अस्त्र शस्त्र हो । हे मनुष्य, तिमी उठ, जाग, ज्ञानद्वारा विकारलाई मार ।

# सृष्टि नाटक चक्र

यो मानव सृष्टि प्रकृति-पुरूषको एक अनादि खेल हो। यसको कथालाई जानेर मानव आत्माहरुले धेरै आनन्द प्राप्त गर्न सक्दछन्।

## सृष्टिरुपी नाटकका चार हिस्सा

सृष्टि नाटकमा प्रत्येक आत्मा एक निश्चित समयमा परमधामबाट यस सृष्टिरूपी नाटकको मञ्चमा आउँछ। सबभन्दा पहिले सतयुग (त्रेतायुगको सुन्दर दृश्य सामुन्ने आउँछ र यी दुई युगहरुमा सुखपूर्ण सृष्टिमा, पृथ्वी मञ्चमा एक आदि सनातन देवी-देवता वंशका आत्माहरुको पार्ट (खेल) हुन्छ र अन्य सबै धर्म, वंशका आत्माहरु परमधाममा हुन्छन्। अतः दुई युगहरुमा यिनै दुई वंशका आत्माहरु आफ्नो-आफ्नो पवित्रताको अवस्था अनुसार नम्बरवार आउँछन्। त्यसैले यी दुई युगमा सबै अद्वैत र निर्वैर स्वभाव भएका हुन्छन्।

द्वापर युगमा यही धर्मको रजोगुण अवस्था हुनाले इब्राहिमद्वारा ईस्लाम धर्म-वंशको, बुद्धद्वारा बौद्ध धर्म-वंशको र ईसाद्वारा ईसाइ धर्म-वंशको स्थापना हुन्छ। अतः यी चार धर्म-वंशका धर्मपिताहरु नै संसारका मुख्य अभिनयकर्ता (Principal actors) हुन् र यी चार धर्मका शास्त्रहरु नै मुख्य शास्त्रहरु हुन्। यसका अतिरिक्त संन्यास धर्मका संस्थापक शंकराचार्य, मुसलमान धर्म-वंशका संस्थापक मुहम्मद तथा सिख्ख धर्मका धर्मसंस्थापक नानक पनि यस विश्व नाटकका मुख्य अभिनयकर्तामध्ये नै हुन्।

कलियुगको अन्त्यमा, जब धर्मको अति ग्लानि हुन्छ अर्थात् विश्वको सबभन्दा पहिलो 'आदि सनातन देवी-देवता धर्म' धेरै क्षीण भइहाल्छ र मानिसहरु अत्यन्त पतित हुन्छन्, तब सृष्टि नाटकका रचयिता तथा निर्देशक परमपिता परमात्मा शिव प्रजापिता ब्रह्माद्वारा मुख-वंशी कन्या 'ब्रह्माकुमारी सरस्वती' तथा अन्य ब्राह्मणहरु तथा ब्राह्मणीहरुलाई रच्नुहुन्छ र उनीहरुद्वारा पुनः सबैलाई अलौकिक मातपिताको रूपमा भेटघाट गर्नुहुन्छ तथा ज्ञानद्वारा उनीहरुलाई मार्ग-प्रदर्शन गर्नुहुन्छ र उनीहरुलाई मुक्ति तथा जीवन-मुक्तिको ईश्वरीय जन्म-सिद्ध अधिकार दिनुहुन्छ। अतः 'प्रजापिता ब्रह्मा' तथा 'जगदम्बा सरस्वती' जसलाई नै आदि देव र आदि देवी 'एडम' तथा 'ईव' अथवा 'आदम' र 'हव्वा' पनि भनिन्छ, उहाँहरुनै यस सृष्टि नाटकका नायक र नायिका हुनुहुन्छ। आरम्भको यो छोटो-संगम अर्थात् संगमयुग जसमा परमात्मा अवतरित हुनुहुन्छ, धेरै नै महत्वपूर्ण छ।

## प्रभु अवतरण एवं प्रभु मिलनको गुप्त युग-पुरुषोत्तम संगम युग

वास्तवमा 'पुरुषोत्तम' शब्द परमपिता परमात्माको वाचक हो। जसरी 'आत्मालाई' 'पुरुष' पनि भनिन्छ, त्यस्तै परमात्माको लागि 'परम-पुरुष' अथवा 'पुरुषोत्तम' शब्दको प्रयोग हुन्छ किनकि उहाँ सबै पुरुष (आत्माहरु) भन्दा ज्ञान, शान्ति, पवित्रता र शक्तिमा उत्तम हुनुहुन्छ। 'पुरुषोत्तम महिना' कलियुगको अन्त्य र सतयुगको आरम्भको संगमयुगको यादगार हो किनकि यस युगमा पुरुषोत्तम (परमपिता) परमात्माको अवतरण हुन्छ। सतयुगको प्रारम्भदेखि लिएर कलियुगको अन्त्यसम्म मानवआत्माहरुको जन्म-पुनर्जन्म भइरहन्छ, तर कलियुगको अन्त्यमा सत्ययुग तथा सत्धर्मको र उत्तम मर्यादाहरुको पुनः स्थापना गर्नको लागि पुरुषोत्तम (परमात्मा) लाई आउनुपर्दछ।

*यदा यदा हि धर्मस्य: ग्लानिर्भवति भारत। अभ्युत्थानम धर्मय तदाऽत्मानं सृजाम्यहम् ॥ अ.४श्लो. ७*

अर्थः हे अर्जुन, जबजब धर्मको ग्लानि र अधर्मको उन्नति हुन्छ, तब म अवतरित हुन्छु ।

*परित्राणय साधूनां विनाशाय च दुष्कृताम् धर्म संस्थापनार्थाय संभवामि युगे युगे ॥ अ४श्लो ८*

अर्थः साधुहरूको रक्षाको लागि, दुष्टहरूको विनाशको लागि र धर्मको संस्थापनाको लागि त्यही युगमा अवतरित हुन्छ । परमात्माले आफ्नो अवतरणको उद्देश्यलाई उपर्युक्त श्लोकमा स्पष्ट गर्नुभएको छ । दुष्कृतहरूको विनास गर्नु, सद्गुणीहरूको रक्षा गर्नु र श्रेष्ठ धर्मको स्थापना गर्नु नै उहाँको अवतरणको मुख्य लक्ष्य हो । यस पवित्र कार्यलाई परमात्माले जादुको रूपमा गर्नुहुन्न । मानवआत्माहरूमा श्रेष्ठ संस्कार भर्नको लागि मानवआत्माहरूलाई श्रेष्ठ देवता बन्ने शिक्षा दिनुपर्दछ । त्यसैले भगवानले ईश्वरीय विश्व विद्यालयको स्थापना गरेर यसैद्वारा सो शिक्षा दिइरहनुभएको छ ।

'संगमयुगमा' परमपिता परमात्माले मानवआत्माहरुलाई ज्ञान र सहज राजयोग सिकाएर परमधाम अथवा ब्रह्मलोकमा फिर्ता लैजानुहुन्छ । अन्य मानवआत्माहरुलाई सृष्टिको महाविनाशद्वारा अशरीरी बनाएर मुक्तिधाम लैजानुहुन्छ, यसप्रकार सबै मानवआत्माहरु शिवपुरी अथवा विष्णुपुरीको अव्यक्त एवं आध्यात्मिक यात्रा गर्दछन् र ज्ञानचर्चा अथवा ज्ञानगंगामा स्नान गरेर पावन बन्दछन् । वास्तवमा 'पुरुषोत्तम महिनामा' जुन दानको महत्व छ, त्यो दान पाँच विकारहरुको दान हो । परमपिता परमात्मा जब पुरुषोत्तम युगमा अवतार हुनुहुन्छ तब नै मानवआत्माहरुलाई खराबीहरु अथवा विकारहरुको दान दिने शिक्षा दिनुहुन्छ । यसप्रकार उनीहरु काम-क्रोधादि विकारहरुलाई त्यागेर, उत्तम मर्यादित बन्दछन् र त्यसपछि सत्ययुग, देवयुगको आरम्भ हुन्छ । आज यदि यी रहस्यहरु जानेर मानिसहरुले विकारहरुको दान दिए, ज्ञानगंगामा नित्य स्नान गरे र योगद्वारा शरीरबाट अलग भएर सत्य आध्यात्मिक यात्रा गरे भने विश्वमा पुनः सुख, शान्तिसम्पन्न रामराज्य (स्वर्ग) को स्थापना हुनेछ र नर तथा नारी नर्कबाट निक्लेर स्वर्गमा पुगिहाल्नेछन् ।

ज्ञात रहोस् कि वर्तमान समय संगमयुग चलिरहेको छ । यो कलियुगी सृष्टि नर्क अर्थात् दुःखधाम हो । अब निकट भविष्यमा सत्ययुग आउँदै छ र यही सृष्टि सुखधाम हुनेछ । अतः अब हामीले पवित्र एवं योगी बन्नुपर्दछ ।

## सृष्टिरुपी उल्टो, अद्भुत वृक्ष र त्यसका बीजरूप परमात्मा

*उर्ध्वमूलम अधं शाखम् अश्वत्थं पाहुर अव्ययम् छन्दांसि यस्स पर्णानि यस तं वेद स वेदवित*

अर्थः संसार एक उल्टो कल्पवृक्ष हो जसको बीज माथि (उर्ध्व) तीन लोकभन्दा पर परमधाममा हुनुहुन्छ । काण्डमा (सत्ययुग त्रेतायुग सतोगुणी) एक धर्म, एक राज्य एक भाषा हुन्छ ।

भगवानले यस सृष्टिको तुलना एक उल्टो वृक्षसँग गर्नुभएको छ किनकि अरू वृक्षहरुको बीज जमिनभित्र रोपिन्छ र वृक्षमाथितिर उम्रन्छ तर मानव सृष्टिरूपी वृक्षका जो अविनाशी र चेतन बीज परमपिता परमात्मा शिव हुनुहुन्छ उहाँ आफै माथि परमधाम अथवा ब्रह्मलोकमा निवास गर्नुहुन्छ ।

वृक्षको सबैभन्दा तल कलियुगको अन्त्य र सत्ययुगको प्रारम्भको संगम देखाइएको छ । त्यहाँ श्वेत वस्त्रधारी प्रजापिता ब्रह्मा, जगदम्बा सरस्वती तथा केही ब्राह्मणहरु र ब्राह्मणीहरु सहज राजयोगको स्थितिमा बसेका छन् । यसबाट यो रहस्य प्रकट गरिएको छ कि कलियुगको अन्त्यमा अज्ञानरूपी रात्रिको समयमा सृष्टिका बीजरूप, कल्याणकारी, ज्ञानसागर परमपिता परमात्मा शिव नयाँ सृष्टि रच्ने संकल्पले प्रजापिता ब्रह्माको शरीरमा अवतरित (प्रविष्ट) हुनुभयो र उहाँले प्रजापिता ब्रह्माको मुख-कमलद्वारा मूल-गीता-ज्ञान तथा सहज राजयोगको शिक्षा दिनुभयो, जसलाई धारण गर्ने नर-नारी 'पवित्र ब्राह्मण' भनिए । यी ब्राह्मण र ब्राह्मणीहरु (सरस्वती लगायत अन्य जसलाई "शिव-शक्तिहरु" पनि भनिन्छ) प्रजापिता ब्रह्माको मुखद्वारा (ज्ञानद्वारा) उत्पन्न भए । यस छोटो युगलाई 'संगमयुग' भनिन्छ । यो युगलाई सृष्टिको 'धर्माऊ युग' (Leap yuga) पनि भनिन्छ र यसैलाई 'पुरूषोत्तम युग' अथवा 'गीता युग' (Gita Epoch) पनि भनिन्छ ।

सत्ययुगमा श्रीलक्ष्मी र श्रीनारायणको अटल अखण्ड निर्विघ्न र अति सुखकारी राज्य थियो। किम्बदन्ती छ कि त्यस समयमा दूध र घ्यूको नदी बग्दथ्यो तथा बाघ र गाई पनि एउटै पोखरीमा पानी पिउने गर्थे। त्यतिबेलाको भारत वर्ष (विश्व) दुइटा श्रीपेच भएको (Dobule Crowned) थियो। सबै सदा स्वस्थ्य (Ever Healthy) सदा धनवान (Ever wealthy) सदा सुखी (Ever Happy) थिए। त्यस समयमा काम, क्रोधादि विकारहरुको लडाईं अथवा हिंसा तथा अशान्ति एवं दु:खको नाम निशान पनि थिएन। त्यस समयको भारत वर्ष (विश्व) लाई 'स्वर्ग' 'बैकुण्ठ', 'वहिश्त', 'सुखधाम' अथवा 'हैविनली एवोड' (Heavenly Abode) भनिएको छ। त्यस बेला सबै जीवनमुक्त र पूज्य थिए र उनीहरुको औसत आयु १५० वर्ष थियो। त्यस युगका मानिसहरुलाई 'देवता वर्ण' भनिन्छ। पूज्य विश्वमहारानी श्रीलक्ष्मी तथा पूज्य विश्वमहाराजन श्री नारायणको सूर्य वंशमा जम्मा ८ (आठ) सूर्यवंशी महारानी तथा महाराजा भए जसले कि १२५० वर्ष सम्म चक्रवती राज्य गरे।

त्रेतायुगमा श्री सीता र श्रीराम चन्द्रवंशी १४ कला गुणवान् र सम्पूर्ण निर्विकारी थिए। सत्ययुग र त्रेतायुगको 'आदि सनातन देवी-देवता धर्म वंश' नै यस मानव सृष्टिरूपी वृक्षको तना र मूल हो जसबाट नै पछि अनेक धर्मरूपी शाखाहरु निक्लिन्छन्। द्वापरमा देह अभिमान (शरीरभान) तथा काम, क्रोधादि विकारहरुको प्रादूर्भाव भयो। दैवी स्वभावको स्थान आसुरी स्वभावले लिन गयो। सृष्टिमा दु:ख र अशान्तिको राज्य पनि शुरू भयो। त्यसबाट बच्नको लागि मानिसहरुले पूजा तथा भक्ति पनि शुरू गरे। ऋषिहरु शास्त्रको रचना पनि गर्न थाले। यज्ञ, तप आदिको प्रारम्भ भयो।

कलियुगमा मानिसहरु परमात्मा शिवको तथा देवताहरुका अतिरिक्त सूर्य, पीपल, आगो तथा अन्य अवचेतन तत्वहरुको पनि पूजा गर्न थाले र एकदम देह-अभिमानी विकारी र पतित बने। उनीहरुको आहार-व्यवहार, दृष्टि-वृत्ति, मन, वचन र कर्म तमोगुणी र विकाराधिन भइसकेको छ। कलियुगको अन्त्यमा सबै मानिसहरु तमोप्रधान र आसुरी लक्षण भएका हुन्छन्। अतः सतयुगी र त्रेतायुगी दैवी सृष्टि स्वर्ग (वैकुण्ठ) हो र त्यसको तुलनामा द्वापरयुग तथा कलियुगको सृष्टि नै ' नर्क' (Hell) हो।

## तीन प्रकारका तप

- सात्विक तप : फललाई नचाहने, योगयुक्त पुरूषद्वारा गरिएको तप नै सात्विक तप हो।
- राजसिक तप : जुन तप सत्कार, नाम, क्षणिक देखावटीको लागि गरिन्छ, त्यसलाई राजसिक तप भनिन्छ।
- तामसिक तप : जुन तप हठपूर्वक, मन-वाणी-शरीरलाई पीडा दिएर बदलाको भावना लिएर गरिन्छ, त्यो तामसिक तप हो।

## तीन प्रकारका ज्ञान

- सात्विक ज्ञान : जुन ज्ञानबाट मनुष्यले सबै आत्माहरूलाई आत्मिक भावद्वारा देख्दछ, त्यो सात्विक ज्ञान हो।
- राजसिक ज्ञान : जुन ज्ञानले मनुष्य, धर्म, राम्रो-नराम्रो आदि लौकिक भावबाट देख्दछ, त्यो ज्ञान राजसिक ज्ञान हो।
- तामसिक ज्ञान : जुन ज्ञानले केबल शरीरलाई मात्र मान्दछ, तत्वरहित तुच्छ र सांसारिक छ, त्यो तामसिक ज्ञान हो।

## तीन प्रकारका कर्ता

- सात्विक कर्ता : निरहंकारी, धैर्य, उमंग-उत्साहपूर्वक कर्म गर्ने, सफलता र असफलतामा समान भावबाट कर्तव्य गर्ने कर्ता नै सात्विक कर्ता हो।
- राजसिक कर्ता : आसक्त, लोभी, फलको इच्छा राख्ने, हिंस्रक, अरूलाई कष्ट दिने, क्षणिक हर्ष र शोकयुक्त भएर कर्म गर्ने कर्ता नै राजसिक कर्ता हो।
- तामसिक कर्ता : युक्तिहीन, चंचल, घमण्डी, धूर्त, अरूको जीविका नास गर्ने, अल्छी, लापरवाह गर्ने कर्ता नै तामसिक कर्ता हो।

# राजयोग

परमात्मा सर्वआत्माहरूका पिता हुनाको कारण उहाँले जुन योग सिकाउनुहुन्छ र ज्ञान दिनुहुन्छ, त्यो सर्व धर्मका आत्माहरूको कल्याणार्थ दिनुहुन्छ । त्यसैले परमत्माले जुन योग सिकाउनुहुन्छ, त्यसको विधि-विधान र फलको आधारमा ज्ञानयोग, सांख्ययोग, कर्मयोग लगायतका विभिन्न नामहरूबाट सम्बोधित गरिएको छ । समग्रमा स्वयंलाई आत्मा निश्चय गरी परमात्मासँग सर्वसम्बन्ध जोडी सुख-शान्ति-आनन्दको प्राप्ति गराउने योग भएकोले मुख्यतः यस योगको यथार्थ नाम राजयोग हो । सहज आसनमा बसेर स्वयंलाई भृकुटीमा विराजमान आत्मा मानेर परमज्योति स्वरूप परमपिता परमात्मालाई बुद्धिले याद गर्नु नै वास्तवमा राजयोग हो ।

श्रीमद् भगवद्गीताको मुख्य विषय योग हो । योगको शिक्षा दिनको लागि स्वयं परमात्मा धर्मग्लानिको समयमा अवतरित हुनुहुन्छ । यहाँ योगको अर्थ जोड्नु भन्ने हुन्छ, यहाँ भनिएको आत्मामा स्थित भएर सहजै परमात्मासँग मनलाई जोड्न अथवा परमात्मासँग सम्पर्कमा रहेर आन्तरिक सुःखमा स्थित हुनु नै योग हो ।

*(........योगं युञ्जन्माश्रय.............अ.६ श्लो.२८)*

जसरी वायुबाट रक्षित हुनाले दीपशिखा आफ्नो स्थानमा अचल हुन्छ, त्यसरी नै जो पुरूषार्थीले मनलाई अन्य संकल्पबाट रक्षित गरेर परमात्माको स्मृतिमा स्थित हुन्छ, उ नै योगी हो, *(यथा दीपो......योगिनो यतचित्तस्य युञ्जतो योगमात्मनः अ.६ श्लो.११)* यसप्रकार मनलाई परमात्मामा स्थिर गरेर योगीले शान्ति प्राप्त गर्दछ तथा अन्त्यमा परमात्माको धाममा सामिप्य प्राप्त गर्दछ ।

*(......युञ्जन्नेव सदात्मानं योगी........ शान्ति निर्वाणपरमां......अ.६ श्लो.१५)*

अर्को शब्दमा गीतामा भनिएको छ हे वत्स, जसले मलाई अनन्यभावबाट याद गर्दछ, उ नै योगी हो, *(अनन्य चेताः सततं यो मां स्मरवि नित्यशः । तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिनः । अ.८ श्लो. १४)* जसले मसँग प्रेम गर्दछ तथा ठूलो श्रद्धापूर्वक ममा नै मनलाई टिकाउँदछ उ नै योगी हो या जो मेरो मतमा चल्दछ उ नै योगी हो यसरी योगको परिभाषा गर्दै परमात्मा भन्नुहुन्छ 'हे वत्स, तिमीले चित्तलाई निरन्तर ममा लगाऊ, अरूलाई पनि मेरो महिमाको परिचय देऊ, तिमी उनीहरूसँग मेरै चर्चा गर र बुद्धिलाई ममाथि नै अर्पण गर, *(...... मय यर्पित मनो बुद्धिर्मा मेवैष्यस्य संशयम्.... अ.८ श्लो.७)* र तिमी सदा-सर्वदा मेरै स्मृतिमा स्थित होऊ *(तस्मात्सर्वेषु कालेषु ......अ.८ श्लो.२७)* अतः ईश्वरीय स्मृतिमा स्थित हुने पुरूषार्थ नै राजयोग हो ।

## योगको लागि आवश्यक नियम

१) **ब्रह्मचर्यको पालना** : गीतामा परमात्माले काम, क्रोध र लोभलाई नर्कको द्वारको रूपमा वर्णित गर्दै यी तीन महावैरीलाई छोड्नको लागि श्रीमत दिनुहुन्छ, *(.......त्रिविधंनरकस्येदं......द्वारं....कामः क्रोधस्तथा लोभस्त......अ.१६ श्लो.२१)* भगवान भन्नुहुन्छ कामबाट क्रोधको उत्पत्ति हुन्छ र क्रोधबाट मनुष्यको मति भ्रम, मति भ्रमबाट स्मृति नाश र स्मृति नाश हुनाले फेरि बुद्धिको नाश हुन्छ । बुद्धिको नाश हुनाले अन्त्यमा आत्माको पतन नै हुन्छ, *(.....कामः कामाता....बुद्धिनाशात् पणश्यति अ.२ श्लो. ६२/६३)* त्यसैले भगवान्ले 'काम' लाई आशुरि लक्षण बताउँदै ब्रह्मचर्यको पालनामा विशेष जोड दिनुभएको छ । ब्रह्मचर्य अर्थात् सम्पूर्ण पवित्रता अर्थात् मन, वचन, कर्म, स्वप्नमा पनि कुनै पनि विकारको आकर्षण नहोस् ।

*पशान्तात्मा विगतभीर ब्रह्मचारिविते स्थितः मनः संयम्य मच्चित्तो युक्त आसीत मत्परः (अ.६ श्लो.१४)*

अर्थः ब्रह्मचर्य व्रतलाई पालना गरेर भयरहित शान्त अन्तःकरणबाट मनलाई संयमित गरेर ममा ध्यान लगाऊ। यस्तो योगीले नै योगको परकाष्ठलाई प्राप्त गर्दछ।

१) **शुद्ध आहार एवं विहार** : अन्नको प्रभाव मनुष्य आत्मामा पर्ने हुनाले योगीको पुरूषार्थ पनि मुख्य रूपबाट मानसिक हुनाले अर्थात् योगीले सदैव आफ्नो मनलाई परमात्मामा लगाउने हुनाले उसले यस्तो भोजन लिनुपर्दछ जुन यस पुरूषार्थमा सहायक होस् यसैले योगीको आहार र विहार युक्तियुक्त र संयमयुक्त हुनुपर्दछ भनिएको छ। योगको अभ्यास त्यही व्यक्तिले ठीकसँग गर्न सक्दछ, जसले न त खाना-पिनामा अति गर्दछ न त खाना-पिनालाई विल्कुल छोडिदिन्छ। उसले सुत्ने र जाग्ने विषयमा पनि सन्तुलन तथा संयमपूर्वक काम लिन्छ। यसलाई निम्न श्लोकबाट प्रस्ट पारिएको छ।

*युक्ता हारविहारस्य युक्तचेष्टस्य कर्म सु ॥ युक्त स्वप्नाववोधस्य योगो भवति दुःखहा ॥ (अ६ श्लो१७)*

गीतामा योगीको लक्षण विषयमा परमात्माले बताउनुहुन्छ। - मन र इन्द्रियलाई वशमा राखेर आशारहित, संग्रहरहित योगी एकान्त स्थानमा स्थित भएर आत्मालाई निरन्तर परमात्मामा लगाउँछ। उहाँले अगाडि भन्नुहुन्छ - योगी उ हो जो जाडो-गर्मी, सुख-दुःख, मान-अपमानमा सदा समान, माटो-पत्थर-स्वर्णमा समान ज्ञान-विज्ञानबाट तृप्त हुन्छ।

योगी जीवन जिउनको लागि धैर्यको अति आवश्यकता हुन्छ पुरानो संस्कारले इन्द्रियहरूलाई बाहिर खिच्दछ तर बुद्धिको लगामबाट पटक-पटक मनलाई सम्झाएर परमात्माको विषयमा चिन्तन गर्नुपर्दछ। चञ्चल र अस्थिर मन जुन जुन विषयमा विचरण गर्दछ हामीले दर्शकको रूपबाट आफ्नो आत्माद्वारा सदा त्यसलाई प्रेक्षण गरिरहनु पर्दछ। *(शनैः शनैर्..........आत्मन्येव वशं नयेत् अ.६ श्लो. २५/२६)*

## योगमा त्यागको महत्व

निर्धारित कर्मलाई कर्तव्य मानेर निःस्वार्थ भावबाट आसक्ति र फलको त्यागलाई नै सात्विक त्याग भनिन्छ। त्यस्तै कसैलाई दुःख दिएर शारीरिक कष्टको भयद्वारा त्याग गर्नु मध्यम श्रेणीको रजोगुणी त्याग हो भने मोहवश गरिएको त्याग तामसिक त्याग हो। *(अ.१८ श्लो. ६/७/८/९)*

सबैभन्दा ठूलो त्याग देह अभिमानको त्याग हो। स्वयंको पद, सामाजिक स्थिति, आर्थिक स्थिति वा कुनै पनि देहको विशेषताको अभिमान, नाम, शानको त्याग नै देह अभिमानको त्याग हो। जो अकुशल (स-साना कार्य) कर्मबाट द्वेष गर्दैन, कुशल (ठूलो कर्म) कर्ममा आसक्त हुँदैन, त्यो आत्मा नै संशय रहित ज्ञानवान र त्यागी हो। *(न द्वेष्टय् अकुशल...... छिन्न संशय अ. १८ श्लो.१०)*

ज्ञानी पुरूषले हर कार्यलाई श्रेष्ठ सेवा मानेर गर्दछ, कर्तव्य मानेर गर्दछ। उसलाई कुनै विशेष प्रकारको कार्यबाट आसक्ति हुँदैन। कार्य महत्वपूर्ण हुँदैन, तर त्यस कार्यलाई कस्तो भावनाले गरिएको हुन्छ भन्ने महत्वपूर्ण हुन्छ। यदि कोही लगनशील भएर योगयुक्त भई घरको सफाई पनि गर्छ भने त्यसमा पनि उसले संगीत समान आकर्षण अनुभव गर्दछ।

त्यागी पुरूषलाई यदि कुनै कार्यमा सफलता मिल्दछ भने त्यसको श्रेय उसले परमात्मालाई दिन्छ तर उ त्यसबाट प्रभावित हुँदैन, बरू स्वयंलाई निमित्त मानेर कार्य गर्दछ। यदि उसलाई असफलता मिल्दछ भने पटक पटक बुद्धिमा त्यस असफलतालाई चिन्तन गर्दैन। त्यसबाट सिकेर उसले अर्कोपटक उमंग उत्साहपूर्वक कार्यमा सुधार ल्याउँदछ। उसको स्थिति सदैव एकरस रहन्छ। *(न हि देहभृता...... न तु सन्यासिना क्वचित् अ १८ श्लो.११/१२)*

# श्रीमद् भगवद्गीता ज्ञानको लक्ष्य – मानवको सर्वोच्च अवस्था

## स्थितप्रज्ञ स्थिति

श्रीमद् भगवद्गीतामा मानवको सर्वोत्तम अवस्थाको रूपमा स्थितप्रज्ञ स्थितिको रूपमा व्याख्या गरिएको छ । अर्जुनले सोध्नुहुन्छ, हे केशव, स्थितप्रज्ञ (स्थिर बुद्धि) पुरूषको लक्षण के हुन्छ ? उ कसरी बोल्दछ, कसरी बस्दछ ? कसरी चल्दछ ? *(स्थितपज्ञस्यका भाषा समाधिस्थस्य केशव । स्थितधीः किं पभाषेत किम् आसीत बजेत किम् अ.२ श्लो.५४)* । तब भगवानले भन्नुहुन्छ -हे अर्जुन, जो पुरूषले सबै कामनाहरूको त्याग गरिदिन्छ र आत्माद्वारा आत्मामा नै सन्तुष्ट रहन्छ, उ नै स्थितप्रज्ञ हो *(पजहाति यदा कामान् सर्वान पार्थ मनेगतान् । आत्मन्येव आत्मना तुष्टः स्थितपज्ञस् तदोच्यते । अ.२ श्लो.५५)* । जो दुःख-सुखमा समान, राग, भय, क्रोधबाट मुक्त छ, यस्तो मुनि समान साधकलाई स्थिर बुद्धि भनिन्छ *(दुखेष्व् अनुद्विग्नमनाः सुखेणु विगतस्पृहः । बीतरागभयक्रोधः स्थित धीर् मुनिर् उच्चते ।। अ. २ श्लो. ५६)*

त्यस्तै भगावानले भन्नुहुन्छ, -जो पुरूष शुभ अशुभ वस्तुलाई पाएर न प्रसन्न हुन्छ न द्वेष गर्दछ, उसको बुद्धि स्थिर हुन्छ *(यः सर्वत्रानभिस्नेहस तत् पाप्य शुभाशुभम् । नाभिनन्दति न देष्टि तस्य पज्ञा पतिष्ठिता ।। अ.२ श्लो.५७)* । यसैगरी गीतामा अगाडि भनिएको छ, जसरी कछुवाले सबै तर्फबाट आफ्नो अंगलाई समेट्दछ, त्यसरी नै जब व्यक्तिले इन्द्रियहरूको विषयबाट बुद्धिलाई हटाउँछ, तब उसको बुद्धि स्थिर हुन्छ । जसको बुद्धि परमात्मामा लागेको छ, उ संयमी बन्दछ, उसको बुद्धि स्थिर हुन्छ, *(यदा संहरते चायं...........तस्य पज्ञा पतिष्ठिता, तानि सर्वाणि.........पतिष्ठिता । अ.२ श्लो. ५८,६१)* । जसरी पानीमा तैरिएको डुंगालाई प्रचण्ड वायुले टाढा बगाएर लैजान्छ, त्यसरी नै विचरणशील, इन्द्रियहरूमा एउटामा पनि निरन्तर मन यदि लागिरहन्छ भने यस्तो स्थितिले मनुष्यको बुद्धिलाई हर्दछ । हे महावाहु, जुन पुरूषको इन्द्रियहरू विषयबाट मुक्त हुन्छन्, उसको बुद्धि स्थिर हुन्छ, *(इन्द्रियाणां हि चरतां......तस्य पज्ञा पतिष्ठिता । अ.२ श्लो.६७-६८)* परमात्माले व्यक्तिको स्थिरतालाई जोड दिदै पुनः भन्नुहुन्छ - जुन पुरूष समुन्द्रमा निरन्तर प्रवेश गर्ने नदिहरू समान इच्छाहरूको निरन्तर प्रवाहबाट विचलित हुँदैनन् र जो निरन्तर स्थिर रहन्छ, उसले शान्तिलाई प्राप्त गर्दछ *(आपूर्यमाणम अचल......... आप्नोति न कामकामी । अ.२ श्लो.७०)* ।

निष्कर्षमा जीवन संग्राममा सफल उही हुन्छ, जोभित्र सहनशीलताको गुण हुन्छ, जो हरेक परिस्थितिमा एक रस रहन्छ । यस्तो तब हुन्छ, जब विपरीत परिस्थितिमा पनि मानवले सकारात्मक सोच्दछ । जो दुःख सुखमा समान, राग, भय, क्रोधबाट मुक्त छ, यस्तो मुनिसमान साधकलाई स्थिरबुद्धि भनिन्छ ।

## गुणातीत स्थिति (साक्षी द्रष्टा स्थिति)

साक्षी (Dethatched Observer) अर्थात् विश्वको यस विशाल खेललाई द्रष्टा सरह देख्नु । यसमा जुन भूमिका (Part) हामीलाई मिलेको छ, त्यसलाई राम्रोभन्दा राम्रोसँग निभाउनु । यसमा हारजीत त हुन्छ नै । वास्तवमा दर्शक र साक्षीमा अन्तर छ । दर्शक नाटकमा हुने पात्रको भावनामा वहन्छ । आफ्नो वास्तविकतालाई भुलेर उ आँशु बगाउन थाल्दछ, जब कि साक्षी व्यक्ति दर्शक त हो तर उ स्वयंको अवस्थाप्रति जागृत भएर कहिल्यै पनि भावनामा बग्दैन । अतः उ सदा आनन्दको अनुभव गर्दछ । यसै साक्षी द्रष्टा स्थितिलाई श्रीमद्भागवद् गीतामा गुणतीत स्थितिको रूपमा व्याख्या गरिएको छ ।

*प्रकाशं च प्रवृत्तिं च मोहम् एवं च पाण्डव न द्वेष्टि संपवृत्तानि न निर्वत्रानि काङ्क्षति ॥२२॥*

*उदासीनवद् आसिनो गुणै र यो न विचाल्यते । गुण वर्तन्त इत्य एवं योडवतिष्ठाले नेङ्गते ॥२३॥*

अर्थः हे अर्जुन, गुणातीत पुरूष सबैमा आत्म प्रकाश देख्नुको कारण रजोगुणी वा तमोगुणी मनुष्यसँग घृणा गर्दैन । यस्तो पुरूष

सतोगुण, रजोगुण एवं तमोगुणप्रति उदासिन रहन्छ, उ कहिल्यै विचलित हुँदैन र एक मात्र परमात्मासँग नै सम्बन्ध राख्दछ। अर्थात् गुणातीत मनुष्य आफ्नो मूल पवित्र आत्मिक स्वरूपलाई देखेर उ स्वस्थितिमा स्थित रहन्छ र हरेक दृष्यलाई साक्षी भएर देख्दछ। निरन्तर मेरो अव्यभिचारी याद गरेर तीनै गुणबाट पार भएको साधकले नै गुणातीत स्थितिलाई प्राप्त गर्दछ। *(मां च यो इण्यभिचारेण ........ बहभूयाय कल्पते अ.....श्लो.२६)*

## ज्ञानको अन्तिम स्थिति : नष्टोमोहा स्मृतिलब्धा

देह सहित देहको दुनियाबाट नष्टोमोहा र आफ्नो अनादि-अविनाशी आत्मिक स्वरूपमा स्थित हुनु नै नष्टोमोहा स्मृतिस्वरूपको स्थिति हो जब आत्मा र परमात्माको यथार्थ ज्ञान हुन्छ, यसको स्मृति हुन्छ, तब मात्रै हामी यस देह र देहको दुनियाबाट मोहलाई नष्ट गर्न सक्दछौं। वास्तवमा नष्टोमोहा र स्मृतिस्वरूप स्थिति पनि चक्रीय (Cyclic) छ अर्थात् नष्टोमोहा भएपछि स्मृतिस्वरूप बनिन्छ र स्मृतिस्वरूप बनेपछि नष्टोमोहा भइन्छ।

जसरी अर्जुनले भगवान्बाट ज्ञान सुनेर नष्टोमोहा स्थितिलाई प्राप्त गरेर युद्धको लागि तैयार भए, त्यसरी नै हामीले पनि वर्तमान समय परमात्माले सुनाइरहनुभएको ज्ञान सुनेर नष्टोमोहा स्थितिलाई प्राप्त गर्न सक्दछौं *(नष्टो मोहः स्मृतिर् लब्धा..... करिष्ये वचनं तव। अ १८, श्लो. ७३)* अतः सबै मनुष्य आत्माहरूले अर्जुन बनेर युद्ध गर्नुपर्दछ। सबैको यस शरीररूपी रथमा, मनरूपी घोडाको बुद्धिरूपी लगामद्वारा मोहरूपी कौरव सेनाको सेनापतिलाई ज्ञानको धनुष र योगको वाणद्वारा मार्नुपर्दछ। यसको लागि बुद्धिको लगाम भगवान्को हातमा दिएर आज्ञा (श्रीमत) प्रमाण चलेर मोहजीत सो जगतजीत् बन्नुपर्दछ।

---

## ज्ञान यज्ञको लागि मनः स्थिति

- कर्म गर्दा गर्दै कर्मफलबाट आसक्तिरहित।
- संयमित मन र बुद्धिबाट शरीर निर्वाह अर्थ कार्य गर्नु।
- ईर्ष्यारहित, सन्तुष्ट
- मोहरहित
- आशारहित
- परमात्माबाट सर्वप्राप्तिको अनुभव गर्नु।
- सिद्धि-असिद्धिमा समान
- लोभरहित

## तीन प्रकारका बुद्धि

- सात्विक बुद्धि : प्रवृत्ति र निवृत्ति, कर्तव्य र अकर्तव्य, भय र अभय, बन्धन र मुक्तिको ज्ञान राख्ने परोपकारी र निस्वार्थ सेवा गर्ने सात्विक बुद्धि हो।
- राजसिक बुद्धि : जुन बुद्धिबाट धर्म र अधर्मको कर्तव्य र अकर्तव्यलाई पनि कर्ताले यथार्थ जान्दैन, त्यो बुद्धि राजसिक हो।
- तामसिक बुद्धि : तमोगुणले युक्त भएको बुद्धिले अधर्मलाई धर्म मान्दछ र विपरीत दिशामा प्रयत्नशिल रहन्छ। यस्तो दिग्भ्रमित बुद्धि तामसिक बुद्धि हो।

# श्रीमद् भगवद्‌गीता - सर्वशास्त्र शिरोमणि

श्रीमद् भगवद्‌गीता सर्व धर्म एवं धर्मशास्त्रहरूको आमा अर्थात् शिरोमणि हो किनकि सबै धर्म आदि सनातन देवी-देवता धर्मबाट नै शुरू भएका हुन्, जसको स्थापना गीता ज्ञानद्वारा भएको हो । सृष्टि चक्रमा जति पनि धर्मपिताहरू आउनुहुन्छ, उहाँहरू पहिला आदि सनातन देवी देवता धर्म वंशका आत्माहरूको तनमा नै प्रवेश गर्नुहुन्छ र उहाँहरूद्वारा जुन ज्ञान दिइन्छ, त्यो ज्ञान त्यो आत्माको ज्ञान, कर्म र संस्कारबाट प्रभावित अवश्य हुन्छ, जसमा धर्मपिताहरू प्रवेश गर्नुहुन्छ । त्यसैले सबै धर्मग्रन्थहरूको ज्ञान यस गीता ज्ञानबाट केवल प्रभावित मात्रै छैनन्, गीता ज्ञानकै केही अंशको रूपमा प्रस्तुत गरिएको प्रतीत हुन्छ ।

## गीता र जैन धर्म

जैन धर्ममा तीर्थङ्करहरू, पार्श्वनाथ तथा महावीरहरूले अहिंसा, सत्य, अस्तेय, अपरिग्रह, जितेन्द्रियता, संयम, तपस्या ईत्यादि विषयहरूमाथि जोड दिएका छन् र यी सबैको पालनाको लागि त गीतामा अति प्रभावशाली र प्रेरणादायी तरिकाले भनिएको छ । वास्तवमा जैन शब्द पनि जितेन्द्रियता वा जय शब्दको वाचक हो र ईन्द्रियजय तथा राग-द्वेषमाथि विजयको लागि हो । त्यसैले गीताका श्लोकहरूले बारम्बार यही कुराहरूलाई नै पुकारिरहेका छन् । पुनश्चः जैन धर्ममा सम्यक् विश्वास, सम्यक ज्ञान, तथा सम्यक कर्मकै बारेमा उपदेश दिइएको छ र गीताका त प्रत्येक स्वर-व्यञ्जनले त यही कुरालाई अभिव्यञ्जित गरिरहेका छन् ।

## गीता र बौद्ध धर्म

यदि बौद्ध धर्मलाई हेर्ने हो भने उसमा जुन आर्य सत्य बताइएको छ र तृष्णाबाट छुटकारा पाउनका लागि जुन उपदेश दिइएको छ तथा सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वचन, सम्यक समाधि लगायतका आठ कुराहरूमा जुन जोड दिइएको छ र त्यसमा अहिंसा, अपरिग्रह, ब्रह्मचर्य आदि जुन शील बताइएको छ, यिनीहरूकै त गीतामा प्रेरणादायी उपदेश छ । गीतामा स्थितप्रज्ञ स्थिति, गुणातीत स्थिति, योगयुक्त स्थिति लगायतका अवस्थाहरूका लक्षण बताइएको छ तथा दैवी सम्पत्तिको जुन वर्णन गरिएको छ, त्यसमा त तीभन्दा पनि अतिरिक्त अपार अनमोल रत्न भरिएको छ । त्यस्तै जसरी गौतम बुद्धले शरीरलाई कठोर तपस्याद्वारा कष्ट दिने कुरालाई वर्जित गर्नुभएको छ, त्यसैलाई अति सुन्दर शब्दमा गीतामा भनिएको छ, *(अशास्त्रविहितं घोर तप्यन्ते.........कामरागबलन्विताः अ.१७ श्लो.५)*

## गीता र ईसाइ धर्म

ईसाइ धर्मको पनि सबै मुख्य कुराहरू गीताको उपदेशमा समाहित छन् । ईशाले उपदेशमा बताइएको छ, -धन्य छन् ती मानिसहरू, जो स्वभावमा नम्र छन्, दयालु छन्, पवित्र छन्, शुद्ध मन भएका छन्, मानिसहरूसँग मेलमिलाप बढाउनेवाला छन्, शान्ति स्थापना गर्नेवाला छन्, स्वर्गको राज्य तिनीहरूको हो, तिनीहरू नै भगवानका पुत्र कहलाउने छन् । यी सबै गुणहरू गीताका प्रायः हरेक अध्यायमा हामीलाई दिव्यताको सन्देश दिन्छन् । अझ यीभन्दा बढी महान पाठ पढाउछन् । ईसाइ धर्मको शिक्षामा भनिएको छ- १)कसैको हत्या नगर, २) व्यभिचार नगर, ३)नराम्रोको बदला नराम्रोले नलेऊ, ४) सबैसँग प्रेम गर । यदि हामीले गीतामा ध्यान दिने हो भने यी सबै गुणहरूलाई धारणा गर्नका लागि नै गीतामा अत्यन्तै मधुर, सरल, स्पष्ट र सारगर्भित रीतिले भनिएको छ ।

## गीता र मुष्लिम धर्म

मुष्लिम धर्म अनुसार यसले हामीलाई परमात्माको शरण लिने उपदेश दिन्छ र शान्ति अपनाउनको लागि भन्दछ तथा सबैसँग भाइचाराको व्यवहार गर्ने शिक्षा दिन्छ । क्षमा गर्ने, अल्लाहलाई सबैभन्दा बढी प्रेम गर्ने, याद गर्ने र उहाँको आज्ञालाई पालन गर्ने शिक्षा दिन्छ र लालच तथा क्रोधलाई छोड्नका लागि भन्दछ र पवित्रतालाई अपनाउने शिक्षा दिन्छ ।

अर्कोतर्फ ईसाइ र मुसलमान धर्मका मानिसहरू पनि परमात्मालाई एक विशेष धामको वासी मान्दछन् । आज पनि ईसाइहरू आफ्नो प्रार्थनामा परमात्मालाई पारलौकिक पिता (Father in the Heaven) मानेर उहाँलाई याद गर्दछन् । मुसलमानहरू पनि उहाँलाई सातौं आकाशमा रहने मानेर उहाँको प्राथना गर्दछन् । गीतामा पनि यसलाई परमधाम अथवा ब्रह्मलोकमा निवास गर्ने भनी वर्णन गरिएको छ । यी दुवै धर्मले परमात्मालाई एक पुरूष-विशेष (Supreme Being) मान्दछन्, जसको मनुष्यात्माहरूसँग दया र करूणाको सम्बन्ध छ । उहाँलाई कण-कणमा व्यापक (Omnipresent) नमानी यस सृष्टिभन्दा पर (Transcendence) भएको स्वीकार्दछन् र गीतामा पनि अव्यक्तभन्दा पनि पर जुन परम अव्यक्त छ, त्यो मेरो परमधाम हो भनी व्याख्या गरिएको छ ।


संक्षेपमा यदि हामी विश्वका सबै मुख्य धर्महरूमाथि विचार गर्ने हो भने गीताका भगवानका महावाक्यहरूमा ती सबै श्रेष्ठ मन्तव्यहरू समाहित छन्, जसको कारण तिनीहरूको स्थापना भयो । अतः यदि गीता ग्रन्थको समयमा मानिसहरूलाई यस सत्यको बोध हुन्थ्यो भने अन्य धर्मग्रन्थहरूको आवश्यकता नै पर्ने थिएन । वास्तवमा गीताको भगवान अथवा वक्ताको स्वरूपलाई भुल्नाको कारण न त यसका महावाक्यहरूमा न शक्ति न सार नै रह्यो । यसै कारण आज मानिसहरू गीता त पढ्दछन, तर आत्मालाई त्यो शक्ति प्राप्त हुँदैन । त्यस्तै यदि मानिसहरूले परमात्मालाई परमधाममा रहने एक ज्योति-बिन्दु परम पुरूषको रूपमा मान्ने भए मनलाई एकाग्र गर्न सक्थे र अशरीरी अवस्थामा स्थिर हुन सक्थे जसबाट देहअभिमान पूर्णत अन्त हुन्थ्यो । तर परमात्मालाई सर्वव्यापी मान्नाले र गीताको भगवान देहधारी मान्नाले मनलाई एक बिन्दुमा एकाग्र गर्न र पूर्णतः अव्यक्त एवं अशरीरी अवस्थालाई प्राप्त गर्ने लक्ष्यको सिद्धि हुन सक्दैन । त्यसैले यस रहस्यलाई बुझी श्रीमद् भगवद्गीताको सार्वभौमिकतालाई स्वीकार गर्नुमा नै हामी सबैको कल्याण छ ।


**ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र भैरहवाद्वारा प्रकाशित**
**ईश्वरीय उपहारका लागि**

**संरक्षक** : राजयोगिनी ब्र. कु. सुरेन्द्र दिदी / राजयोगिनी ब्र. कु. परिणीता दिदी
**प्रबन्ध निर्देशक** : ब्र. कु. शैलेषराज बराल **प्रधान सम्पादक** : ब्र. कु. भानुप्रकाश पौडेल
**सम्पादक** : ब्र. कु. शिशिर रेग्मी

**पत्रव्यवहार**:
ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र, नयाँबजार, पोखरा
**फोनः** ०६१–५२२२६५, ५३५१३३
E-mail : iuphar@gmail.com
Website:www.brahmakumaris.com

**मुद्रण** : **पश्चिमाञ्चल अफसेट प्रेस**, न्यूरोड, पोखरा, फोन : ०६१–५२०१०७, ईमेलः presspaschimanchal@gmail.com


गीताका भगवान निराकार ज्योति स्वरूप शिव परमात्मा र प्रतीक
'शिवलिङ्ग' एवं उहाँको साकार माध्यम प्रजापिता ब्रह्मा र प्रतीक 'नन्दीगण'


गीताका भगवान ज्योति बिन्दु स्वरूप हुनुहुन्छ
परमपिता शिव परमात्मा
गीता ज्ञान दाता
कर्मको गहन गतिलाई जान्नुहुन्छ
दुःख हर्ता सुख कर्ता हुनुहुन्छ
शान्तिको सागर हुनुहुन्छ
प्रेमको सागर हुनुहुन्छ
अकालमूर्त हुनुहुन्छ
आनन्दको सागर हुनुहुन्छ
दिव्यदृष्टि विधाता हुनुहुन्छ
गुणको भण्डार हुनुहुन्छ
शान्तिको दाता हुनुहुन्छ
पतित-पावन हुनुहुन्छ
सदगति दाता हुनुहुन्छ
दिव्यबुद्धिको दाता हुनुहुन्छ
निराकार हुनुहुन्छ